# आर्थिक वर्ष २०७८/७९ को

# बजेट वक्तव्य

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश

**आर्थिक मामिला मन्त्रालय**

धनगढी, कैलाली

२०७८

आर्थिक मामिला मन्त्री

**माननीय प्रकाश बहादुर शाहले**

सुदूरपश्चिम प्रदेश सभा समक्ष

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**

१. संघीय गणतन्त्र नेपाल, सुदूरपश्चिम प्रदेशको यस गरिमामय सभामा प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७८/७९ को बजेट नीति तथा कार्यक्रम (आय-व्यय विवरण सहितको) पेश गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु। विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोभिड-१९ संक्रमणको प्रभावलाई न्यूनीकरण गर्दै जनताको स्वास्थ्यलाई प्रभावकारी रुपमा संरक्षण गर्न र प्रदेश अर्थतन्त्रलाई चलायमान बनाइराख्न स्वास्थ्य र विकासलाई सँगसँगै संवोधन गर्नुपर्ने चुनौतीपूर्ण एवम् कठिन परिस्थितीको वीचमा आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम प्रस्तुत गर्दै रहँदा मैले गहन जिम्मेवारी बोध गरिरहेको छु। यस कठिन तथा संवेदनशिल अवस्थालाई क्रमशः सामान्यीकरण गर्दै विकास, सुशासन र समृद्धिको यात्रा पूर्ववत रुपमा सूचारु गर्ने मूल ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम यस सम्मानीत सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

२. कोभिड-१९ महामारीबाट ठूलो आर्थिक तथा मानवीय क्षति सँगै मनोवैज्ञानिक त्रास वढिरहेको छ। यसले सृजना गरेको स्वास्थ्य संकट न्यूनीकरण गर्न चालिएका कदमहरुले प्रदेश अर्थतन्त्रका आर्थिक क्रियाकलापहरु प्रभावित हुन पुगेको मात्र होइन प्रदेशको विकास र समृद्धिको यात्रालाई गम्भीर रुपले प्रभावित गरिरहेको छ। मानव जीवन माथिकै यो विश्यव्यापी संकटले विकासका सिद्धान्त, मान्यता र प्राथमिकताहरु पुनः परिभाषित गर्दै जानुपर्ने अवस्था सृजना भइरहेको छ।

३. नागरिक अधिकार स्थापनार्थ भएका विभिन्न जनआन्दोलनहरुमा ज्यान अर्पण गर्ने महान् सहिदहरुप्रति म भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। साथै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको समेत कामना गर्न चाहन्छु।

४. विश्वव्यापी रुपमा फैलिएको कोभिड महामारीको कारण ज्यान गुमाउनु हुने व्यक्तिहरुप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु। कोभिड-१९ संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। कोरोना भाइरसबाट संक्रमित व्यक्तिहरुको उपचार रोकथाम र नियन्त्रणमा अग्रपंक्तिमा रही कर्तव्यपालनको शिलसिलामा ज्यान गुमाउनु हुने व्यक्तिहरुलाई उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु। साथै, संक्रमणको विद्यमान अत्यन्त कठिन अवस्थामा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक, नागरिक समाज, सञ्चारकर्मी, दातृ निकाय र जनसमुदाय प्रति हार्दिक आभार र उच्च प्रशंसा गर्न चाहन्छु। संघीय संसद र प्रदेश सभाका माननीय सदस्यहरु, स्थानीय सरकारका जनप्रतिनिधिहरु तथा राजनितिक दलमा आवद्ध सम्पूर्ण व्यक्तित्वहरुको महत्वपूर्ण योगदान प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

५. कोभिड-१९ महामारीको दोस्रो लहरको जोखिम बढ्दै जादा न्यूनीकरणको लागि अवलम्बन गरिएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय कदमहरुबाट प्रदेशले पनि गम्भिर आर्थिक समस्याहरुको सामना गर्नु परिरहेको छ। फलस्वरुप श्रम, पर्यटन, व्यापार, लगानी, प्रदेश पूर्वाधार निर्माण जस्ता क्षेत्रहरुमा भएको अन्तर आवद्धताको कारण श्रमबजार, उत्पादन, निर्माण, पर्यटन आगमन तथा आपूर्ति श्रृंखलामा गहिरो प्रभाव परेको छ। प्रदेश अर्थतन्त्रका समष्टिगत आर्थिक परिसूचकहरुमा नकारात्मक प्रभावहरु परिरहेका छन्। आगामी आर्थिक वर्षको बजेटले प्रदेश अर्थतन्त्रका समष्टिगत परिसूचकहरुमा सकारात्मक वृद्धि हासिल गरी विकास, सुशासन र समृद्धिको यात्रामा कोभिड-१९ ले पारेको प्रभावलाई क्रमशः न्यूनीकरण गर्ने तर्फ केन्द्रित विकासका प्राथमिकताहरुको पुनरव्याख्या र पुनरपरिभाषिकरण गर्न जरुरी भएको छ।

६. आगामी आर्थीक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधानले परिलक्षित एवम् किटान गरेका राज्यका दायित्वहरु (State Obligations), निर्देशक

सिद्धान्त तथा नीतिहरु, लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मूख आर्थिक प्रणालीको संस्थागत विकास, संविधान प्रदत्त मौलिक हकहरुको कार्यान्वयनमा प्रदेश सरकारको दायित्व तथा दिगो विकासको लक्ष्यलाई मूल आधारको रुपमा लिएको छु। साथै **"कृषि, पर्यटन, पूर्वाधारः समृद्ध सुदूरपश्चिम निर्माणका महत्वपूर्ण आधार"** लाई पूरा गर्ने खालका कार्यक्रमहरु वजेटमा उच्च प्राथमिकताका साथ सम्वोधन गर्ने प्रयास गरेको छु।

७. जन अनुमोदित सरकारको चुनावी घोषणापत्र, पन्ध्रौ योजनाले परिलक्षित गरेका प्रदेश विकासका आवधिक एवम् दीर्घकालीन प्राथमिकता, प्रदेश सरकारबाट जारी भएका कानूनहरुबाट सृजित दायित्वहरु सम्मानित सदनमा प्रस्तुत भएको आगामी आर्थिक वर्षको वजेटका सिद्धान्त तथा प्राथमिकता, नीति तथा कार्यक्रम, मध्यमकालीन खर्च  संरचना तथा प्राप्त भएका सुझावहरुलाई समेत वजेट निर्माणमा यथोचित महत्व दिएको छु। कोभिड-१९ को दोस्रो लहरको कारण प्रदेश अर्थतन्त्रका समष्टिगत परिसूचकहरुमा सकारात्मक परिवर्तन हासिल गर्दै प्रदेश अर्थतन्त्रको आर्थिक पुनरुत्थानलाई आगामी आर्थिक वर्षको वजेटमा विशेष प्राथमिकतामा राखेको छु।

**माननीय सभामुख महोदय,**

अब म सुदूरपश्चिम प्रदेशको समष्टिगत आर्थिक तथा सामाजिक परिसूचकहरु तथा पूर्वाधारको अद्यावधिक अवस्थाको वारेमा संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. आर्थिक वर्ष २०७७/७८ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु. २ खर्ब ९४ अर्व ३७ करोड ६० लाख हुने अनुमान छ । सो रकम राष्टिय अनुमानित कुल गार्हस्थ्य उत्पादनको ६.९ प्रतिशत हो। आर्थिक वर्ष २०७६/७७ मा सुदूरपश्चिम प्रदेशको यस्तो हिस्सा ७.० प्रतिशत रहेको थियो ।

९. चालु आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.६ प्रतिशत रहने अनुमान छ। जुन आर्थिक वर्ष २०७६/७७ मा ०.४४ प्रतिशत र आर्थिक वर्ष २०७५/७६ मा ६.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा पाँच वटा प्रदेशहरुको कुल गार्हस्थ्य उत्पादनमा संकुचन आँउदा पनि यो प्रदेशको कुल गार्हस्थ्य उत्पादन सामान्य विस्तार भएको थियो।

१०. चालु आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३६.१ प्रतिशत रहने अनुमान छ ।यस्तै, उद्योग क्षेत्रको योगदान १३.२ प्रतिशत र सबैभन्दा बढी सेवा क्षेत्रको योगदान ५०.७ प्रतिशत रहने अनुमान छ ।

११. चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्म यस प्रदेशमा रहेका बैक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ७ सय ५५ रहेको छ । यस प्रदेशका ८८ स्थानीय तहमध्ये बझाङ्गको साइपाल बाहेक सबै पालिकाहरुमा बैक तथा वित्तीय संस्थाहरुको शाखा विस्तार भई सकेको छ।

१२. बहुआयामिक गरिबी सूचकाङ्क प्रतिवेदन-२०१८ अनुसार यस प्रदेशमा बहुआयामिक गरिबीको संख्या जनसंख्याको ३३.६ प्रतिशत रहेको छ, जुन राष्ट्रिय बहुआयामिक गरिबी २८.६ प्रतिशतले भन्दा ५.० प्रतिशत बिन्दुले बढी हो । सन् २०११ मा यस प्रदेशको बहुआयामिक गरिबी ५०.८ प्रतिशत रहेको थियो ।

१३. नेपाल मानव विकास प्रतिवेदन-२०२० अनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५४७ रहेको छ। नेपालको समग्र मानव विकास सूचकाङ्क भने ०.५८७ रहेको छ।

१४. नेपाल मानव विकास सूचकाङ्क प्रतिवेदन-२०२० अनुसार यस प्रदेशको लैङ्गिक विकास सूचकाङ्क (Gender Development Index-GDI)०.९०३ रहेको छ भने लैङ्गिक असमानता सूचक(Gender Inequality Index-GII) को मान ०.५२२ रहेको छ ।

१५.केन्द्रीय तथ्याङ्क विभागले गरेको नेपाल श्रमशक्ति सर्वेक्षण- २०१८ अनुसार नेपालमा श्रम बजारमा सक्रिय जनशक्तिमध्ये ११.४ प्रतिशत बेरोजगार छन्। जसमध्ये पुरुष १०.३ प्रतिशत र महिला १३.१ प्रतिशत रहेका छन् । सुदूरपश्चिम प्रदेशमा भने ११.५ प्रतिशत सक्रिय जनशक्ति बेरोजगार रहेको छन्, जुन राष्ट्रिय औसत भन्दा बढी हो।

१६. २०७७ फागुनसम्ममा यस प्रदेशका ६४.६९ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ। यस अवधिमा सुदूरपश्चिम प्रदेशमा जलविद्युत उत्पादन भई राष्ट्रिय प्रशारण लाईनमा थप हुन सकेन।

१७.प्रदेशमा चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम आठ महिना सम्ममा उद्योग दर्ताको संख्या ११६ पुगेको छ भने लघु, घरेलु तथा साना उद्योगको संख्या ३२ हजार ५ सय ५८ पुगी उद्योग क्षेत्रमा रु. ३९ अर्व ४७ करोड बराबरको लगानी भएको छ । २०७७ फागुनसम्ममा यस प्रदेश अन्तर्गतका उद्योगहरुमा १ लाख ८७ हजार ५ सय ७९ को रोजगारी सृजना भएको छ ।

१८. प्रदेशमा चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम आठ महिना सम्ममा प्रदेशका ८८ वटै स्थानीय तहका ५ हजार ३ सय २६ किलोमिटर सडक पुगेको छ।

१९. चालु आर्थिक वर्षको फागुनसम्ममा यस प्रदेशका सबै स्थानीय तहहरू SuTRA मा आबद्ध भएका छन्। यस अवधिमा ८८ स्थानीय तहको कुल खर्च रू. १६

अर्ब ७९ करोड ९१ लाख रहेको छ। जुन खर्च स्थानीय तहको कुल बजेटको ३५.० प्रतिशत हुन आउँछ। स्थानीय तहको खर्चको हिसाबले सुदूरपश्चिम प्रदेश सन्तोषजनक नै रहेको छ।

२०. चालु आर्थिक वर्षको फागुनसम्ममा प्रदेशका सबै स्थानीय तहमा गरी रू. २३ अर्ब ९६ करोड १६ लाख राजस्व (संघ र प्रदेशबाट स्थानीय तहमा बाँडफाँट समेत) सङ्कलन भएको छ।

२१. आर्थिक बर्ष २०७६/७७ मा प्रदेशका ८८ स्थानीय तह मध्ये ६९ स्थानीयतहमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित ७०८ आयोजना मार्फत थप १९ हजार ५ सय ७६ व्यक्तिले रोजगारी प्राप्त गरेका थिए।

२२. शैक्षिक वर्ष २०७७ मा प्रदेशमा कुल विद्यालय संख्या ४२३० पुगेको छ। ती विद्यालयहरुमा १६ हजार ५ सय ८४ शिक्षक कार्यरत रहेका छन्। विभिन्न तहहरुमा ८ लाख १ हजार ६ सय ७ विद्यार्थी अध्ययनरत छन्। ती मध्ये छात्रा ५१.२ प्रतिशत र छात्र ४८.८ प्रतिशत रहेका छन्।

२३. आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाले प्रदान गरेका भर्ना, बहिरङ्ग र आकस्मिक सेवामध्ये दुबैमा धेरै पटक सेवा लिनेको संख्या २० लाख ३ हजार ३ सय १४ रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो संख्या २६ लाख ३४ हजार २ सय २8 रहेको थियो।

२४. आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको प्रमुख बालीहरु मध्ये धान, मकै, गहुँ, कोदो र जौ उत्पादन क्रमश ६ लाख ४६ हजार ४ सय ९७, १ लाख २२ हजार ९ सय ३२, ३ लाख ४१ हजार ६ सय ६६, १७ हजार ९ सय ५४, ६ हजार ३ सय ७३ मेट्रिक टन हुने अनुमान छ।

२५. प्रदेशको कुल भू-भागको तुलनामा सबैभन्दा बढी ५८.७ प्रतिशत वन क्षेत्र सुदूरपश्चिम प्रदेशमा छ। नेपालको कुल वन क्षेत्रको १७.३४ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशमा १९ लाख ५३ हजार ९ सय हेक्टर वन क्षेत्र रहेको छ।

२६. चालु आर्थिक वर्षमा प्रदेशको कुल सरकारी खर्च विनियोजनको तुलनामा ७२.६ प्रतिशत अर्थात रु. २४ अर्ब २४ करोड १७ लाख ७७ हजार हुने संशोधित अनुमान छ। कुल सरकारी खर्च मध्ये चालुतर्फ विनियोजनको ३१.६ प्रतिशत अर्थात रु. १० अर्ब ५४ करोड ५३ लाख ५२ हजार र पूँजीगततर्फ विनियोजनको ४१ प्रतिशत अर्थात रु. १३ अर्ब ६९ करोड ६४ लाख २५ हजार हुने अनुमान छ।

२७. चालु आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकार, राजस्व बाँडफाँटबाट रु. ७ अर्ब ८७ करोड ३६ लाख राजस्व परिचालन हुने अनुमान गरिएकोमा १०.६ प्रतिशतले न्यून हुन गई रु. ७ अर्ब ३ करोड ८६ लाख ९० हजार मात्र प्राप्त हुने अनुमान छ। आन्तरिक स्रोततर्फ रु. ६० करोड ७० लाख ३० हजार परिचालन हुने अनुमान गरिएकोमा ९३.१ प्रतिशतले बढी हुन गई रु. १ अर्ब १७ करोड २० लाख ३५ हजार परिचालन हुने संशोधित अनुमान छ। रोयल्टीतर्फ रु. ७ करोड परिचालन हुने अनुमान गरिएकोमा ३५.६ प्रतिशतले न्यून भई रु. ४ करोड ५० लाख ९९ हजार प्राप्त हुने अनुमान छ। यसरी राजस्व बाँडफाँट, आन्तरिक आय परिचालन र रोयल्टी आम्दानी गरी जम्मा रु. ८ अर्ब २५ करोड ५८ लाख २४ हजार आय प्राप्त हुने संशोधित अनुमान छ।

२८. चालु आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान तर्फ रु. १ अर्ब २६ करोड २९ लाख, विशेष अनुदानतर्फ रु. ४८

करोड ५० लाख र विकास साझेदारहरुवाट रु १ करोड ८९ लाख १५ हजार प्राप्त हुने देखिन्छ।

२९. चालु आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारबाट सशर्त अनुदान वापत रु. ४ अर्व ३९ करोड ३५ लाख अनुमान गरिएकोमा २३.२ प्रतिशतले वृद्धि भई रु. ५ अर्व २८ करोड ९६ लाख ९४ हजार प्राप्त हुने संशोधित अनुमान रहेको छ ।

३०. चालु आर्थिक वर्ष २०७७/७८ मा अनुमान गरिएको वित्तीय समानीकरण अनुदान वापत रु. ८ अर्व ७ करोड ६८ लाख रकम प्राप्त हुने देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा बचत रकम रु. १० अर्व ५९ करोड ३६ लाख ३ हजार अनुमान गरिएकोमा २८.९ प्रतिशतले न्यून भई रु. ७ अर्व ५३ करोड ५७ लाख ५ हजार प्राप्त भएको छ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सिफारिस अनुसार आगामी आर्थिक वर्षको लागि समानीकरण अनुदान तर्फ ७२ करोड ४५ लाख विनियोजन प्रस्ताव गरेको छु। जुन चालु आर्थिक वर्षको तुलनामा १५ प्रतिशतले बढी हुन आउछ।

३२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा प्राप्त सिफारिस अनुसार सवारी कर वापतको प्रदेश विभाज्य कोषबाट स्थानीय संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गर्ने गरी कुल रु. २४ करोड अनुमानित रकम प्रस्ताव गरेको छु। जुन चालु आर्थिक वर्षको तुलनामा १६.६७ प्रतिशतले बढी हुन आउछ।

३३. आगामी आर्थिक वर्षदेखि समपूरक तथा विशेष अनुदान मार्फत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको शीघ्र कार्यान्वयन गर्न बजेटमै स्थानीय तहले पहिचान गरी आफ्नो क्षेत्रमा संचालन गर्ने आयोजनाहरुको लागि समपुरक अनुदानतर्फ रु. ६० करोड र विशेष अनुदानतर्फ रु. ४० करोड विनियोजन गरेको छु। जुन चालु आर्थिक वर्षको तुलनामा ३३ प्रतिशतले न्यून हुन आउछ।

३४. आगामी आर्थिक वर्ष २०७८/७९ प्रदेश सरकारबाट स्थानीय तहहरुलाई हस्तान्तरण हुने समपूरक र विशेष अनुदानलाई थप वस्तुनिष्ट र प्रभावकारी बनाउन विद्युतीय प्रणालीलाई प्रयोगमा ल्याइनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको **बजेटको मूलभूत उद्देश्यहरु** प्रस्तुत गर्न चाहन्छु।

३५. आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट मूलभूत रुपमा देहायका उद्देश्यहरु पूरा गर्ने तर्फ समग्र रुपमा केन्द्रित रहने छ।

(क) स्वास्थ्य संक्रमणका कारण सृजना भएका चुनौतिहरुलाई सामना गर्न सक्ने गरी प्रदेश र स्थानीय तहका सबै किसिमका स्वास्थ्य सेवाहरुको गुणात्मक एवम् सन्तुलित विकास गर्दै नागरिकको जीवन रक्षा गर्ने,

(ख) वहुपक्षिय सम्बन्ध र साझेदारी सहित प्रतिकारात्मक, प्रवर्द्धनात्मक पुर्नस्थापना लगायतका आधारभूत विशिस्टिकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चितता गर्दै जनताको जीवनस्तरमा गुणात्मकता (Quality of Life) वृद्धि गर्दै जाने,

(ग) कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, कृषिमा आधारित उद्योगको संरक्षण एवम् प्रवर्द्धन, कृषि क्षेत्रको विविधिकरण, व्यवसायिकीकरण, आधुनिकीकरण तथा खाद्य-सुरक्षा एवम् सम्प्रभुताको संरक्षण गर्ने,

(घ) शिक्षा, स्वास्थ्य, खानेपानी, ऊर्जा, सडक लगायतका पूर्वाधारको द्रुत, दिगो एवम् सन्तुलित विकासको आधारशीललाई थप प्रभावकारी बनाउँदै जाने,

(ङ) विकासको प्रतिफलबाट वञ्चीत जनतामा समानुपातिक एवम् समावेशी पहुँच सुनिश्चितता मार्फत सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने,

(च) सामाजिक सशक्तिकरण, मूलप्रवाहीकरण, समावेशीकरण मार्फत सामाजिक न्यायको प्रवर्द्धन एवम् संरक्षण गर्दै प्रदेश सरकारका सेवाहरुमा प्रदेशवासीहरुको सहज पहुँच स्थापित गर्दै जाने

(छ) सुशासन र समष्टिगत आर्थिक स्थायित्व हासिल गर्ने।

३६. **उल्लेखित वजेटका उद्देश्यहरु पुरा गर्न देहायका प्राथमिकताहरु निर्धारण गरेको छु।**

(क) नेपालको संविधानले प्रत्याभूत गरेका राज्यको दायित्वहरु (State Obligations) पूरा गर्दै लोक कल्याणकारी राज्य निर्माणका तीन खम्बे अर्थनीतिको भूमिकाको सवलिकरण, समष्टिगत आर्थिक स्थायीत्व एवम् समावेशी सामाजिक न्याय सहितको तिब्र आर्थिक बृद्धि, विकासको प्रतिफलमा समानुपातिक तथा समन्यायिक पहुँच स्थापना गर्ने, सबै प्रकारका असमानताको अन्त गर्दै समावेशी आत्मनिर्भर, उन्नतीशिल, स्वतन्त्र, समृद्ध समाजवाद उन्मूख उत्थानशील प्रदेश अर्थतन्त्र निर्माण।

(ख) विकास, समृद्धि र सुशासनको यात्रामा हालसम्म प्राप्त भएका उपलब्धिहरुलाई संस्थागत गर्दै कोरोना महामारीबाट नागरिकको जीवन रक्षा गर्न प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक लगायतका आधारभूत स्वास्थ्य सेवालाई विशिष्टिकृत गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापित गर्ने, आयुर्वेद, प्राकृतिक चिकित्सा पद्धतीको योजनावद्ध विकास मार्फत स्वास्थ्य सेवामा प्रदेश सरकारको भूमिकालाई बढाउने र सामुदायिक स्वास्थ्य प्रणालीको एकीकृत उपाय अवलम्बनबाट स्वास्थ्य पूर्वाधारको विकास र चिकित्सक एवम् स्वास्थ्यकर्मीहरुको प्रभावकारी परिचालन।

(ग) कोरोना रोगको संक्रमण नियन्त्रण गर्न चालिएको कदमहरुको समग्र प्रभावकारिता अभिबृद्धि गर्ने, यसको कारणबाट प्रदेशका आर्थिक गतिविधिहरुमा शिथिलता आउन नदिने, प्रदेश तथा स्थानीय सरकारको सहकार्य र समन्वयबाट संक्रामक रोगको जनस्तरसम्म परेको असर तथा जोखिमलाई न्यूनीकरण गर्ने। कोरोनाको कारण प्रदेश अर्थतन्त्रमा परेको शिथिलतालाई पुनरुत्थान गर्न कोभिड-१९ बाट प्रभावित परिवारलाई राहत, निजिक्षेत्रलाई प्रोत्साहन, सहुलियत र पुनरुत्थानका माध्यमबाट आर्थिक गतिविधिको विस्तार।

(घ) प्रदेश नागरिकले सुरक्षा र मर्यादित जीवनयापन गर्न पाउने गरी काम, रोजगारी, खाद्य सुरक्षा एवम् सर्वकालीन सामाजिक सुरक्षा, सेवा र सुविधाको संरक्षणको प्रत्याभूत मार्फत प्रदेश सरकारको अभिभावकीय भूमिकाको बढोत्तरी। समाजमा विद्यमान सबै प्रकारका विभेद असमानता अन्त्य गर्ने, राज्य संयन्त्रमा सबै नागरिकको पहुँचलाई स्थापित गर्दै प्रदेश सरकार प्रति नागरिकको विश्वासमा (Trust and Confidence) बृद्धि गर्ने, सामाजिक समावेशीकरण, सशक्तिकरण र

मूलप्रवाहीकरण मार्फत न्याय र नैतिकतामा आधारित समन्यायिक समाजको स्थापना र विकास।

(ङ) कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै आत्मनिर्भरता तर्फ केन्द्रित हुने, कृषिको व्यवसायीकीकरण, विविधिकरण, आधुनिकीकरण मार्फत बजारको मूल्य शृंखला (Value Chain) स्थापना गर्ने, कृषिमा विशेष प्रोत्साहन कार्यक्रम मार्फत लाभको न्यायोचित वितरणबाट विपन्नता, गरिवी र असमानताको शीघ्र अन्त गरी सुविधाविहिन र कमजोर वर्ग, क्षेत्र, समुदाय, सीमान्तवर्ग, राज्यको सुविधाबाट पछाडि परेका र पछाडि पारिएका वर्गको उत्थान र विकास गर्न विशेष संरक्षणका कार्यक्रमहरु।

(च) शिक्षा, स्वास्थ्य, कृषि, सडक, सिँचाई, खानेपानी, विद्युत लगायतका पूर्वाधारका क्षेत्रको दिगो विकास सुनिश्चित गर्ने, सञ्चालन भई रहेका रुपान्तरणकारी आयोजना र कार्यक्रमको कार्यान्वयन तर्फ साधनको कमी हुन नदिने। प्रदेश तथा स्थानीय सरकारको विनियोजन कुशलता (Allocation Efficiency) र खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै दीगो र उच्च प्रतिफल दिने खालका रणनैतिक महत्वका पूर्वाधार निर्माण।

(छ) दीगो विकास सहितको फराकिलो एवम् उच्च आर्थिक बृद्धि हासिल गर्न नीजि सहकारी क्षेत्रको विकास। उत्पादनका साधनहरुको सामुहिकीकरण, स्थानीय स्रोतको परिचालन, तुलनात्मक लाभका क्षेत्रको पहिचान एवम् प्रवर्द्धन गर्न तर्फ नीजि, सहकारी, गैरसरकारी क्षेत्र वीच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास।

(ज) स्थानीय सीप, स्रोत, साधन तथा पहिचानमा आधारित लघु, साना तथा घरेलु मझौला उद्योग र उत्पादनको बजार प्रवर्द्धन गर्दै अग्र तथा पृष्ठ सम्बन्ध (Forward and Backward Linkages) स्थापित गर्ने, स्वदेश

तथा विदेशमा रोजगार गुमाएकाहरु लक्षित काम र रोजगारी सुनिश्चितता।

(झ) वन, जैविक विविधता तथा जलाधारको दीगो व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास कायम गर्दै वनजन्य उद्यान, पर्यापर्यटनको विकास एवम् वनजन्य वस्तु तथा सेवाको उत्पादन एवम् न्यायोचित वितरण। पर्यटनका सबै सम्भावनाहरुको विकास गर्दै धार्मिक, साहसिक, मनोरन्जनात्मक, सामाजिक तथा पर्यटकीय क्षेत्रहरुको विकास प्रवर्द्धन र संरक्षण।

(ञ) लगानी सम्बन्धी कानूनहरुको तर्जुमा गर्दै लगानी प्रवर्द्धनको महत्वपूर्ण आधारशील तयार गर्ने। उत्तरदायी शासकीय व्यवस्था, शान्ति सुरक्षाको प्रत्याभूति, भ्रष्टाचार नियन्त्रण शुसासन र सेवा प्रभावमा प्रभावकारीता।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को **प्रदेश सभा**तर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

३७. प्रदेश सभाको गरिमालाई कायम राख्दै सचिवालय व्यवस्थापन, प्रदेश सभाका विषयगत समितिहरुको सुदृढीकरण लगायत भौतिक स्रोत साधन सम्पन्न बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

३८. आगामी आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश सभा तथा विषयगत समितिहरुको काम कारवाहीलाई व्यवस्थित गर्न सूचना प्रविधि अधिकतम उपयोग मार्फत प्रदेश सभा, विषयगत समिति सभाकक्ष, संसदिय दलका कार्यालय र प्रदेश सभालाई थप अत्याधुनिक तथा सौन्दर्यीकरण गरिनेछ। यसको लागि प्रयाप्त वजेट विनियोजन गरेको छु।

३९. प्रदेश सभाको लागि रकम रु. १८ करोड ७८ लाख विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को **प्रदेश लोकसेवा आयोग**तर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

४०. निजामती सेवामा सम्भाव्य उम्मेदवारहरुको आकर्षण वढाउन नौ वटै जिल्लाहरुमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ। यसको लागि आवश्यक नीति, निर्देशिका तथा कार्यविधिको निर्माण गरी आगामी आर्थिक वर्ष बाटै कार्यान्वयनमा ल्याइने छ। आगामी आर्थिक वर्ष देखि प्रदेश लोक सेवा आयोग मार्फत प्रदेश अन्तर्गतका विभिन्न रिक्त पदपूर्तिको लागि आवश्यक कार्यहरु शुरु गरिने छ। प्रदेश लोक सेवा आयोगको क्षमता विकास, पाठ्यक्रम निर्धारण, कार्यतालिका प्रकाशन, पदपूर्ति लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरुको लागि रु. २ करोड ५८ लाख वजेट विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ मा **आन्तरिक मामिला तथा कानून मन्त्रालय** अन्तर्गतको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

४१. शान्ति सुव्यवस्था र सुरक्षाको विश्वसनीय वातावरण नै शुशासन र विकासको मूल आधार हो। सर्वाङ्गीण मानवीय सुरक्षा सहितको विकास र सुरक्षाको प्रत्याभूति मार्फत प्रदेशमा दिगो शान्ति प्रवर्द्धन गर्न सवै सुरक्षा निकायहरुको व्यावसायिक क्षमताको अभिवृद्धि, साधन स्रोतको वन्दोवस्त, भौतिक पूर्वाधारको निर्माण, अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी वनाउन आवश्यक वजेट विनियोजन गरेको छु।

४२. राजमार्ग क्षेत्रमा हुने अपराधजन्य क्रियाकलाप न्यूनीकरण गर्न सुरक्षाको दृष्टिले संवेदनशील स्थानहरुमा सी.सी.टि.भी. क्यामरा मार्फत सुरक्षा निगरानी बढाउने कार्यलाई यस वर्ष पनि निरन्तरता दिएको छु। सुरक्षाको हिसावले संबेदनशिल मानिएका प्रदेशका राजमार्गहरुमा सुरक्षा निगरानी (CCTV) जडान गर्न रु. २ करोड ३५ लाख विनियोजन गरेको छु।

४३. प्रहरी संगठनको भौतिक पूर्वाधार व्यस्थापनका लागि विभिन्न ११ वटा इलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरुको भवन निर्माण तथा अन्य पूर्वाधार विकास कार्य चालु आर्थिक वर्ष देखि सुरु भएका छन। आगामी आर्थिक वर्षभित्रै सम्पन्न हुने गरी रु. ११ करोड १७ लाख विनियोजन प्रस्ताव गरेको छु। प्रदेश प्रहरी मुख्यालयको भवन निर्माणको लागि आगामी आर्थिक वर्ष मा रु. १० करोड विनियोजन गरेको छु। आगामी आर्थिक वर्षमा डोटीको विपीनगर, कैलालीको घोडाघोडी, अछामको कमलबजार, अछामको पञ्चदेवल र बझांगको खप्तडछान्ना प्रहरी चौकीको निर्माण सुरु गरिनेछ। यसको लागि रु. २ करोड ६४ लाख बजेट विनियोजन गरेको छु।

४४. विद्यमान कानूनी एवम् संस्थागत व्यवस्थाको सुदृढिकरण सहित प्रदेश सरकार, निजी क्षेत्र, नागरिक समाज, संचार जगत, गैरसरकारी संस्थासँगको सहकार्यमा समुदाय प्रहरी साझेदारी कार्यक्रम, दुर्व्यसनमा परेका व्यक्तिहरुको पुनर्स्थापना तथा उपचार गरी उद्यमशील र आत्मनिर्भर बनाउन संलग्न संस्थाहरुसँग साझेदारी, सबै प्रकारका मानव बेचविखन, महिला हिंसा जस्ता कार्यलाई पूर्णतः नियन्त्रण, सम्बद्ध सरोकारवाला निकायको सहकार्यमा लागु औषध नियन्त्रण कार्यक्रमहरुलाई व्यापक रुपमा प्रवर्द्धन लगायतका कार्यहरुलाई अभियानको रुपमा प्रदेशका सबै जिल्लाहरुमा संचालन गर्न रु. ६७ लाख विनियोजन गरेको छु। यसवाट प्रदेश अन्तर्गत सामाजिक

कुप्रथाको रुपमा रहेको मानव वेचविखन तथा लागु औषध नियन्त्रण कार्यमा प्रभावकारिता वृद्धि भई अपराधमा न्यूनीकरण हुने विश्वास लिएको छु।

४५. नागरिक मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्न सुरक्षा चासो र चुनौतीको स्थानीय तहदेखि नै विश्लेषण (Security and Crime Mapping) गर्ने व्यवस्थाको लागि सम्बन्धीत निकायको क्षमता अभिवृद्धि गर्न स्थानीय तहमा न्यायिक क्षमताको विकासमा जोड दिइने छ। नागरिक र सुरक्षा निकाय वीचको सम्बन्ध र साझेदारीलाई सुदृढ वनाउन नागरिक सहायता कक्षको स्थापना गरिने छ। यसको लागि रु. ३८ लाख विनियोजन गरेको छु।

४६. प्रदेशबाट जारी भएका कानूनहरुको प्रभावकारिता अभिवृद्धि गर्दै नागरिकहरुको वहस, पैरवी गर्न कानूनी साक्षरता कार्यक्रम, न्यायिक सचेतना कार्यक्रमहरु आगामी आर्थिक वर्ष बाट अभियानको रुपमा प्रदेशका सवै जिल्लामा संचालन गरिनेछ। प्रदेश कानुन तर्जुमा कार्यमा अधिकतम सहभागितात्मक पद्दति अवलम्बन गर्न रु. ४१ लाख विनियोजन गरेको छु। यसबाट कानून तर्जुमा देखि कार्यान्वयनसम्म सवै तहमा नागरिकको अर्थपूर्ण सहभागिता (Meaningful Participation) सुनिश्चित हुने विश्वास लिएको छु।

४७. प्रदेशको सुरक्षा व्यवस्थालाई सुदृढ वनाउदै आम नागरिकलाई सुरक्षाको प्रत्याभूति दिन आवश्यक रणनीति तर्जुमाको लागि आगामी आर्थिक वर्षमा सुरक्षा सम्मेलन आयोजना गर्न आवश्यक रकम विनियोजन गरेको छु। यसको आधारमा प्रदेशको सुरक्षा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४८. कारागारभित्र रहेका कैदीवन्दीहरुलाई उत्पादनशिल क्षेत्रमा केन्द्रित गर्दै आय आर्जन कार्यक्रमको मार्फत आत्मानिर्भरता विकासको लागि रु. ४० लाख ५० हजार विनियोजन गरेको छु। यसवाट स्थानीय श्रम र सीपमा आधारित घरेलु

उत्पादनको विकास र प्रवर्द्धन हुने विश्वास लिएको छ। कैदी वन्दीहरुबाट उत्पादित वस्तुहरुको बजारिकरणको आवश्यक प्रवन्ध मिलाएको छु।

४९. नेपाल सरकारसँगको समन्वयमा प्रदेशभित्र रहेका कारागारहरुको भौतिक पूर्वाधार विकास गरी व्यवस्थापन सुधार गर्ने कार्यलाई यसवर्ष पनि निरन्तरता दिदै रु. ४५ लाख विनियोजन गरेको छु। यसबाट कारागार सुधार गृहको रुपमा रुपान्तरण हुदै जाने विश्वास लिएको छु।

५०. चालु आर्थिक वर्षबाट शुरु भएको प्रदेश राजपत्र छपाई गर्न आवश्यक औजार उपकरण खरिद कार्य सम्पन्न भएको छ। आगामी आर्थिक वर्षबाट प्रदेशमै राजपत्र छपाई सम्बन्धि कार्यको शुरुवात गर्न आवश्यक व्यवस्था मिलाएको छु।

५१. प्रदेशमा आम सञ्चार क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाई सुशासन, स्थायित्व र विकासमा सञ्चार जगतको योगदान प्रर्वद्धन गर्न आगामी वर्ष प्रदेश सञ्चार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। आम संचार जगतको क्षमता विकास, मिडिया सेन्टरको भवन निर्माण, आमसंचार नीतिको तर्जुमा, रेडियोहरुलाई पुँजीगत अनुदान र लोककल्याणकारी विज्ञापन समेतका लागि रु. ८२ लाख विनियोजन गरेको छु। लोककल्याणकारी विज्ञापन तथा अनुदान कार्यविधि थप परिमार्जन गरी लागू गरिनेछ।

५२. प्रदेशमा कार्यरत पत्रकारहरुको स्वास्थ्य उपचार एवं सुरक्षाको लागि नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश समितिसँगको सहकार्यमा आवश्यक कार्यविधी वनाई सञ्चालन गर्ने गरी उपचार सहायता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न रु ४० लाख विनियोजन गरेको छु।

५३. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धि विद्यमान व्यवस्थाहरुको पुनरावलोकन गरिने छ। प्रदेश र स्थानीय तहमा विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा अन्तर-सरकार समन्वय र सहकार्यको कार्य संस्कृती अवलम्बन

गरिने छ। विपद जोखिम न्यूनीकरणका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा लैंगिक साथै सवै प्रकारको सामाजिक समावेशीतालाई प्राथमिकतामा राखिने छ। विपद जोखिमको पूर्वानुमान, अनुगमन, पूर्व तयारी र प्रतिकार्य गर्न आवश्यक पूर्वाधार जनशक्ति क्षमता प्रविधिको विकास तथा सुदृढिकरण गर्न रु. १ करोड ५० लाख विनियोजन गरेको छु। प्रदेश स्तरीय विपत व्यवस्थापन तथा क्षमता र अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रमको लागि नौ वटै जिल्लामा प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

५४. जोखिममा परेका महिला, विभिन्न कारणबाट हिंसामा परेका महिलाहरुको तत्कालै उद्दार गरी निजहरुको तर्फबाट निशुल्क वहस तथा पैरवी गर्न आवश्यक कानूनी परामर्श तथा सहायता प्रदान गरी पिडितलाई न्याय तथा पुनर्स्थापन गर्ने कार्यलाई प्रदेशभर संचालन गरिनेछ। प्रदेश सरकार एवम् स्थानीय सरकारको समेत सहलगानी हुने गरी डोटीमा रहेको **Daughter's Park** भवन निर्मण सहयोगका लागि रु. २५ लाख विनियोजन गरेको छु।

५५. मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै यस तर्फ प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। द्वन्द्व व्यवस्थापन सम्बन्धी कार्यहरुलाई प्रदेशभर संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

५६. प्रदेशमा कार्यरत प्रहरी कर्मचारीको क्षमता विकास तथा साइवर अपराध नियन्त्रण कार्यक्रमको लागि रु. ४५ लाख विनियोजन गरेको छु। यसबाट प्रहरी कर्मचारीहरुको व्यवसायिकता वृद्धि हुने विश्वास लिएको छु ।

५७. आगामी आर्थिक वर्षभित्र कंचनपुर जिल्लाको पुनर्वासमा सहिद गोविन्द गौतमको स्मरणार्थ Border Observation Point (BOP) स्थापना गरी संचालनमा ल्याइने छ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको

छ। उक्त स्थानमा तयार पारिएको बिस्तृत परियोजना प्रतिवेदन अनुसार **सहिद गोविन्द गौतम स्मृती पार्क** आगामी आर्थिक वर्षबाटै निर्माण गर्ने व्यवस्था मिलाएको छु।

५८. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट कार्यान्वयन हुने उपरोक्त कार्यक्रमको लागि रु. ४२ करोड ८५ लाख वजेट विनियोजन गरेको छु। जुन कुल बजेटको १.४ प्रतिशत हुन आउछ।

**माननीय सभामुख महोदय**

अब **म आर्थिक मामिला मन्त्रालय** अन्तर्गत कार्यान्वयन हुने कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५९. सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पूँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्नका लागि चालु खर्च व्यवस्थापन सम्बन्धी मापदण्ड बनाई गैर बजेटरी खर्चलाई नियन्त्रण गर्दै लगिने छ। चालु खर्चलाई वान्छित सीमाभित्र राख्दै पूँजीगत खर्चको बढोत्तरी गर्न सरकारी खर्चमा मितव्ययिता सम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

६०. आवधिक योजना र वार्षिक योजना तथा वजेट वीच तादाम्यता कायम गर्दै कार्यक्रम/आयोजनाको प्राथमिकीकरण र स्रोतको सुनिश्चितता एवम् सार्वजनिक खर्चलाई नजितासँग आवद्ध गर्ने नीतिगत व्यवस्था मिलाएको छु।

६१. आगामी आर्थिक वर्षमा कार्यसम्पादन र उपयोगको प्रभावकारिताका आधारमा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई थप व्यवस्थित बनाई सूचना प्रविधिमा आधारित योजना छनौट प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

६२. आगामी आर्थिक वर्षमा योजना तर्जुमामा संलग्न सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ। प्रदेश तथा स्थानीय तहमा कार्यरत योजना तर्जुमा तथा कार्यन्वयनमा संलग्न जनशक्तिको क्षमता विकास तथा जवाफदेहीता अभिवृद्धि गर्दै लगिनेछ।

६३. सार्वजनिक खरिद, प्राकृतिक स्रोत-साधन तथा जनशक्ति परिचालन सम्बन्धी कानूनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गरिनेछ।

६४. तीन तहको सरकारवीचको सहकार्य र समन्वयमा अभिवृद्धि गरी विकास निर्माण, सेवा प्रवाह तथा जनतासँग प्रत्यक्ष सरोकारका विषयलाई प्रभावकारी बनाइनेछ।

६५. अनुगमन तथा मुल्यांकनलाई अन्तर-निकाय र अन्तर सरकारी तहको समन्वय र सहकार्यमा थप प्रभावकारी बनाई आन्तरिक तथा तेस्रो पक्षको मुल्यांकन मार्फत विकास, नीति, योजना तथा कार्यक्रमको असर र प्रभाव अध्ययन गरी प्राप्त हुने अनुपोषणलाई लागू गर्ने कामको शुरुवात आगामी आर्थिक वर्ष देखि शुरु गरिनेछ।

६६. ठुला आयोजनाहरुलाई केन्द्रित गरी सार्वजनिक लेखा समिति लगायत सरोकारवालाहरुको सहभागितामा नतिजामा आधारित अनुगमन प्रणालीको संरचनागत विकास, तेस्रो पक्षको अनुगमन (Third Party Verification) जस्ता विषयहरु कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाएको छु।

६७.अति विपन्न वादी समुदायमा व्याप्त रहेको गरिवी न्यूनीकरण गर्न आय आर्जनका कार्यहरु मार्फत स्थानीय मौलिक पहिचानका क्षेत्रहरुको विकास, विस्तार विविधीकरण गर्न परम्परागत संस्कृति एवम् कलाहरुको संरक्षण गर्न वादी समुदाय लक्षित कार्यक्रमको लागि स्वरोजगार विकास कोष मार्फत कार्यान्वयन हुने गरी रु. ३ करोड बजेट विनियोजन गरेको छु।

६८. जेष्ठ नागरिकहरुको स्वास्थ्य जोखिमलाई ध्यानमा राख्दै सरकारी अस्पतालमा जटिल रोगहरुको उपचार सहायताको लागि **जेष्ठ नागरिक प्रदेश उपचार राहत कोष**को व्यवस्था मिलाएको छु। उपचार सहायता सम्बन्धी आवश्यक कार्यविधिको तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। यसको लागि रु. १ करोड वजेट विनियोजन गरेको छु।

६९. सुदूरपश्चिम प्रदेश सरकारको SuPa Apps, महत्वपूर्ण पर्यटकीय तथा धार्मिक क्षेत्रहरुको छायाचित्र निर्माण, एकीकृत प्रदेश तथ्यांक केन्द्र एवम् एकीकृत भौगोलिक सूचना प्रणाली सम्बन्धी नीतिको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७०. आगामी आर्थिक वर्ष २०७८/७९ मा प्रदेशका २० देखि ३० वर्षका २ सय एकल महिलालाई हेभि ईक्युप्मेन्ट सम्वन्धी सवारी चालक तथा मर्मत तालिम प्रदान गरी आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।साथै प्रदेश भित्रका कम्तिमा १ हजार युवालाई विभिन्न किसिमका सीपमूलक तथा आयमूलक प्राविधिक तालिम प्रदान गरी युवालाई सीपसँग जोड्ने र आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।यि कार्यक्रमहरु प्रदेश स्वरोजगार विकास कोष मार्फत गर्ने व्यवस्था मिलाएको छु।

७१. आर्थिक मामिला मन्त्रालयबाट कार्यान्वयन हुने उपरोक्त कार्यक्रमहरुको लागि रु. ३० करोड ३३ लाख २३ हजार विनियोजन गरेको छु। जुन कुल बजेटको १ प्रतिशत हुन आउछ।

**माननीय सभामुख महोदय**

अब **म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत कार्यान्वयन हुने** कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७२. सुदूरपश्चिम वन ऐन, वातावरण संरक्षण ऐनको मस्यौदा तयारी भई सम्मानित प्रदेश सभामा छलफलको क्रममा रहेको छ। वन तथा वातावरण, पर्यटन, उद्योगसँग सम्बन्धित नीतिहरु आगामी आर्थिक वर्षको प्रथम चौमासिकमै तर्जुमा गरी कार्यान्वयन गरिने छ।

७३. काष्ठ, गैरकाष्ठ र जडिवुटीमा आधारित वनजन्य उद्यमलाई रोजगारी र आयआर्जनसँग आवद्ध गरी उद्यमशिलता प्रवर्द्धन गरिने छ। प्रदेशको आर्थिक समृद्धिमा योगदान वृद्धि गर्न वन व्यवस्थापनको मापदण्ड कार्यान्वयनमा ल्याइने छ।

७४. सामुदायिक, साझेदारी, कबुलियती लगायत सबै प्रकृतिका वन, चरन क्षेत्र, सीमसार र जैविक विविधता संरक्षण गर्दै दिगो वन व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गरिने छ। प्राकृतिक प्रणाली पुनर्स्थापनाको लागि वनको सघन व्यवस्थापन गर्न करिव १९० हेक्टर क्षेत्रफलमा वृक्षारोपण गर्न रु. २ करोड ३७ लाख वजेट विनियोजन गरेको छु। उपयुक्त प्रजातिको पहिचान गरी सवै स्थानीय निकायमा वन नर्सरी स्थापना गरिने छ। वृक्षारोपण गर्दा पानी संचय गर्ने प्रजातीका रुखलाई वढी प्राथमिकता दिइने छ।

७५. वन क्षेत्रसँग सम्बन्धित शोध अध्ययन अनुसन्धान अनुगमन तथा मुल्यांकनमा लगानी वृद्धि गर्न संघ संस्थाहरुसँग समन्वय र साझेदारी विकास गरिने छ। प्रदेशमा रहेका रैथाने वनस्पति लगायत उपयोगी जडिवुटीको अध्ययन अनुसन्धान र विकासलाई प्रोत्साहन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

७६. सुख्खा याममा वर्षेनी हुने डढेलोबाट निम्तिने प्राकृतिक विनासलाई दिगो रुपमा नियन्त्रण गर्न प्रभावकारी कदमहरु चालिने छन। डढेलोको हिसाबबाट जोखिमयुक्त वन क्षेत्रमा प्राकृतिक अग्निरेखा निर्माण गरिने छ। डढेलो नियन्त्रणमा उत्कृष्ट कार्य गर्ने सामुदायिक वनलाई पुरस्कृत गरिने छ। डढेलो

नियन्त्रणका प्रवर्द्धनात्मक कार्यहरुलाई सबै जिल्लामा अभियानको रुपमा संचालन गरिने छ। उपरोक्त कार्यको लागि रु. १ करोड ८ लाख विनियोजन गरेको छु।

७७. उच्च हिमाली क्षेत्रमा जडीबुटी उत्पादन प्रशोधनको लागि अध्ययन अनुसन्धान कार्यलाई प्राथमिकता दिइने छ। प्रदेश भरिको काठजन्य वस्तुको व्यवस्थापन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन एकीकृत काष्ठ व्यवस्थापन सफ्टवेयर प्रयोगमा ल्याइने छ। वन निगमको सम्भाव्यता अध्ययन कार्य आगामी आर्थिक वर्ष मै सम्पन्न गरिने छ।

७८. व्यवसायीकिकरण हुन सक्ने जडिवुटी एवम् गैर काष्ठका पैदावारहरुको पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक योजना सहितको खेती प्रविधि एवम् जडिवुटी खेती विकास तथा विस्तार, कवुलियती वनमा जडिवुटी विस्तार, उच्च मूल्यका जडिवुटी खेति तथा विरुवा खरिद गरी किसानलाई वितरण कार्यलाई व्यापकता दिन रु. १ करोड १० लाख बजेट विनियोजन गरेको छु।

७९. निजी तथा पारिवारिक निजी जमिनमा वृक्षारोपण खेतीको लागि व्यावसायिक योजना निर्माण, निजि वन दर्ताको लागि स्रोतसाधन, निजी वन क्षेत्रको संरक्षण तथा विकास जस्ता कृषिमा आधारित वन विकास तथा प्रवर्द्धन कार्यक्रमलाई उच्च प्राथमिकता साथ कार्यान्वयन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

८०. आगामी आर्थिक वर्षमा जलाधार क्षेत्रहरुको संरक्षण र व्यवस्थापन गर्न प्रदेशस्तरीय रणनीतिक योजना तर्जुमा गरिनेछ। सीमसार क्षेत्रको अभिलेखीकरण र वर्गीकरण, जैविक विविधताको अभिलेख र वनको नक्सांकन गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८१. वन, वनस्पति, जैविक विविधता, वातावरण संरक्षण, जलाधार एवम् सीमसार क्षेत्र संरक्षण गर्न सामुदायिक, कबुलियती, निजी वनको वैज्ञानिक व्यवस्थापन मार्फत वन उद्यम विकास गरी वन पैदावरमा आश्रित विपन्न तथा गरिव समुदाय लक्षित आयमूलक कार्यक्रम संचालन गर्ने नीति अङ्गीकार गरिनेछ।

८२. निर्यातको सम्भावना भएका उच्च मूल्य तथा महत्व भएका वनस्पति तथा जडीबुटीको व्यावसायिक उत्पादन, प्रशोधन, प्रमाणीकरण र बजारीकरण गर्न प्रोत्साहित गरिने छ।

८३. भू-संरक्षण क्षेत्रको विकास विस्तार, जलाधार संरक्षण र संवर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरणका लागि विशेष कार्यक्रम संचालन गरिने छ। गल्छी, पहिरो नियन्त्रण, पोखरी संरक्षण, नदि किनारको संरक्षण एवम् दिगो विकास तथा सिंचाई कुलो निर्माण, मुहान संरक्षण कार्यहरुलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिने छ। यस कार्यको लागि रु. २७ करोड २१ लाख रकम विनियोजन गरेको छु।

८४. **"देवभूमि सुन्दर ठाउँ, सुदूरपश्चिम घुम्न जाऊँ"** भन्ने नारासहित पर्यटन प्रवर्द्धनका लागि स्वागत, अतिथि सत्कार, सुरक्षा, सूचना, स्वच्छता, सुविधायुक्त, सहयोगी तथा संरचना निर्माण सहितका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु। प्रदेश भित्रका महत्वपूर्ण धार्मिक स्थलहरुको विकासका लागि पर्याप्त वजेट विनियोजन गरेको छु।

८५. पर्यटन गुरु योजनाले सिफारिस गरेका आयोजनाहरुको सम्भाव्यता अध्ययन कार्य आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गरिने छ। मालिका-खप्तड-अपि-व्यास मानसरोवर साहसिक पैदल मार्गको सम्भाव्यता अध्ययन आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गरिने छ। पर्यटनको सम्भावना वोकेका शिक्षा, स्वास्थ्य, खेलकुद मनोरञ्जन जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास कार्यक्रमहरु संचालन गरिने छ। पर्यटन विकासमा निजि तथा सरोकारवालाहरुसँग

साझेदारीका कार्यक्रम संचालन गरिने छन। कैलाश मानसरोवर पर्यटक प्रवेशद्वारको निर्माण कार्य आगामी आर्थिक वर्षमा सुरु गरिने छ। जसका लागि रु. २० करोड ९० लाख विनियोजन गरेको छु।

८६. नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा शुरु हुन लागेको रु. ३५ करोड लागतको कंचनपुर जिल्लाको मझगाउ विमानस्थलको निर्माण, मर्मत सम्भारको कार्य आगामी आर्थिक वर्षमा शुरु गरिने छ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

८७. पर्यटन क्षेत्रमा निजी लगानी प्रोत्साहनको लागि आवश्यक नीतिगत व्यवस्था गरिने छ। प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण र संवर्द्धन तथा पूर्वधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

८८. पर्यटन प्रवर्द्धनको लागि आवश्यक सूचनामूलक जानकारीहरु प्रदान गर्न कर्णालीको चिसापानी, त्रिनगर भन्सार, गड्डाचौकी र दार्चुलाको नाकामा अत्याधूनिक विद्युतीय सूचना पाटी, पर्यटक सूचना केन्द्र, पर्यटक सहायता कक्ष स्थापना र संचालनको लागि रु. ९८ लाख विनियोजन गरेको छु।

८९. वडिमालिका, त्रिपुरासुन्दरी, निंगलासैनी, मेलौली, शैलेश्वरी, उग्रतारा, वेहड़ावावा, शिवपुरीधाम लगायतका प्रशिद्ध धार्मिक तिर्थस्थलहरुको योजनामा आधारित विकास कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई आवश्यक रकम विनियोजन गरेको छु।

९०. कैलाली, कंचनपुर जिल्लामा रहेका पर्यटकीय एवम् धार्मिक महत्व वोकेका ताल तलैयाहरुको संरक्षण र विकासको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

९१. स्थानीय स्रोत तथा सीपमा आधारित उद्यमशिलताको वृद्धि गरी आत्मानिर्भर ग्रामिण अर्थतन्त्रको विकास गर्न जलवायु अनुकुलन कार्ययोजना कार्यान्वयन, स्थानीय तह र संघ संस्थाको साझेदारीमा प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्धन कार्यक्रम मार्फत वातावरणीय स्वच्छता कायम गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९२. खप्तड क्षेत्रको पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धन गर्न संघीय सरकार तथा प्रदेश सरकारको सहलगानीमा पूर्वाधार निर्माणको लागि रु. २ करोड ५० लाख विनियोजन गरेको छु।

९३. नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्रामको सम्भाव्यता अध्ययन कार्य आगामी आर्थिक वर्ष बाट शुरु गरिने छ। जसको लागि रु. ४० लाख विनियोजन गरेको छु।

९४. प्रदेशलाई औद्योगिकीकरणको दिशातर्फ उन्मुख गराउन संघीय सरकार र स्थानीय तहको सहकार्यमा प्रदेशभित्र सम्भाव्यता अध्ययनको आधारमा **"एक स्थानीय तह, एक औद्योगिक ग्राम"** क्रमश स्थापना गरिने छ जसका लागि रु. ४८ लाख विनियोजन प्रस्ताव गरेको छु। स्थानीय कच्चा पदार्थको उपलब्धताको आधारमा स्थानीय रोजगारी सृजना गर्न **एक जिल्ला एक विशिष्ट उद्योग** प्रवर्द्धन कार्यक्रमको लागि रु. ४५ लाख वजेट विनियोजन गरेको छु।

९५. स्थानीय कच्चा पदार्थमा आधारित नेपाली कागज, परम्परागत घरेलु तथा साना उद्योगहरुलाई बीऊ पूँजी (Seed Money) उपलब्ध गराउदै त्यस्ता उद्योगबाट उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने र सरकारी कार्यालयमा त्यस्ता वस्तु उपयोग गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ।

९६. मानव र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई जीवन्त राख्न वातावरणीय स्वच्छता अपरिहार्य हुने भएकोले प्रदेशका प्रमुख सहरी क्षेत्रहरुका नदी किनार

संरक्षण र हरियाली प्रवर्धन गर्दै आगामी आर्थिक वर्षमा वातावरण स्वच्छता अभियान संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९७. धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण एवम् संवर्धन मार्फत धार्मिक पर्यटनलाई विकास र विस्तार गर्दै रोजगारी सृजना गर्ने नीति अनुरुप धार्मिक एवम् सांस्कृतिक पर्यटन विकास कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९८. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत कार्यान्वयन हुने उपरोक्त आयोजनाका लागि रु. २ अर्व ११ करोड ३८ लाख ४१ हजार विनियोजन गरेको छु। जुन कुल वजेटको ७ प्रतिशत हुन आउछ।

**माननीय सभामुख महोदय**

**अब म सामाजिक विकास मन्त्रालय** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

९९. प्रदेश सरकारले कोरोना महामारीको संक्रमण रोकथामका लागि नागरिकहरुलाई कोरोना विरुद्धको खोपको सहज आपूर्ति मिलाउन नेपाल सरकारसँग समन्वय गरी सबै नागरिकमा खोपको पहुँच पुऱ्याइने छ। कोरोना लगायतका महामारी नियन्त्रण, उपचार र रोकथामका लागि अस्पताल तथा जनस्वास्थ्य प्रयोगशालाको सुदृढीकरण तथा मोलीक्युलर सेटअपको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१००. विभिन्न नागरिक आन्दोलन तथा शसस्त्र द्धन्दवाट सहिद तथा घाइते परिवारका लागि विशेष आत्मनिर्भर कार्यहरु सञ्चालन गर्न रु १० करोड विनियोजन गरेको छु। यस सम्बन्धी कार्यविधी निर्माण गरी कार्यान्यनमा ल्याइने छ।

१०१. मुख्य सीमा नाकामा रहेका हेल्थ डेस्क र स्वास्थ्य सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। साथै होल्डिङ्ग सेन्टरलाई आवश्यकता अनुसार व्यवस्थापन गर्दै लगिनेछ।

१०२. सुदूरपश्चिम प्रदेशका नागरिकहरुको स्तरीय स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि गर्न र स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवाहरुलाई थप सहज, गुणस्तरीय एवम् व्यवस्थित बनाई महामारी लगायत अन्य रोग विरुद्द तत्काल प्रतिरोध गर्न सक्ने क्षमता विस्तार गर्न आगामी आर्थिक वर्षलाई **"अस्पताल स्तरोन्नति तथा सेवा सुधार वर्ष"**को रुपमा मनाउन समग्र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी यस क्षेत्रलाई रु. २ अर्ब ४२ करोड ५८ लाख ९० हजार विनियोजन गरेको छु ।

१०३. महामारी लगायत अन्य रोग विरुद्द तत्काल प्रतिरोध क्षमता विस्तार गर्ने कार्यलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिएको छ। महामारी व्यवस्थापनमा रु. ९७ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।आगामी आर्थिक वर्षमा स्थानीय तहको लागत साझेदारी र सहकार्यमा स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका नागरिकहरुलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यले आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि रु. १ करोड विनियोजन गरेको छु। **हाम्रो प्रदेश स्वस्थ्य प्रदेश** अभियान अन्तर्गत क्षयरोग, कुष्टरोग र मलेरिया रोगको निवारण तथा शून्य कुपोषणका कार्यक्रमहरुलाई संचालन गर्न विशेष प्राथमिकता दिएको छु।

१०४. कोभिड-१९ लगायतका महामारी संक्रमणको रोकथाम, उपचार व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखी साधनको अभाव हुन दिइने छैन। यसका लागि रु. ९० करोड बिनियोजन गरेको छु।

१०५. सवारी दुर्घटनाबाट हुने घाइतेको तत्काल उपचारको लागि सेती प्रादेशिक अस्पतालमा ट्रमा सेन्टर स्थापना एवम् संचालन गर्न र टिकापुर अस्पताल

परिसरमा सरुवा रोग अस्पताल तथा अनुसन्धान केन्द्र स्थापना एवम् संचालनको लागि एकमुष्ठ रु. ५ करोड विनियोजन गरेको छु।

१०६. न्याय अस्पताल अछामलाई सुदृढिकरण तथा पूर्वाधार विकासका लागि रु. ८ करोड तथा स्थानीय तह अन्तर्गतका अस्पतालको सुधारका लागि पूँजीगत अनुदानको व्यवस्था गरेको छु।

१०७. प्रदेशमा रहेका ६,०३७ महिला स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको उच्च कदर गर्दै महिला स्वास्थ्य स्वयंसेविकाहरुको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिएको छु। सोका लागि रु. १ करोड ५ लाख ६५ हजार बजेट विनियोजन गरेको छु। यसबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रभावकारी सेवा प्रवाह हुने विश्वास लिएको छु ।

१०८. जनआन्दोलन तथा सशस्त्र द्वन्द्को क्रममा सहिद तथा घाइतेहरुको लागि निःशुल्क उपचारको व्यवस्था मिलाएको छु।

१०९. कैलाली र कंचनपुरका थारु समुदायमा रहेको सिकलसेल एनिमिया, थालेसिमिया र हेमोफिलिया रोगको रोकथाम तथा उपचार गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

११०. कडा रोग लागेका आर्थिक रुपले विपन्न नागरिकको औषधोपचारमा आर्थिक सहायताको लागि रु. १ करोड २१ लाख बिनियोजन गरेको छु।

१११. प्रदेश मातहतका स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा विस्तारको लागि औजार उपकरण तर्फ रु. १० करोड ४९ लाख ७० हजार र औषधि खरिद तर्फ रु ३ करोड ७८ लाख विनियोजन गरेको छु ।

११२. प्रदेश मातहतका स्वास्थ्यकर्मीहरुको प्रोत्साहनका लागि रु. ४ करोड २० लाख र स्वास्थ्यकर्मीहरुको बीमाका लागि रु. ३० लाख विनियोजन गरेको छु। यसबाट अग्रपंतीमा रही सेवा प्रवाह गर्ने चिकित्सकहरुको मनोवल उच्च हुने विश्वास लिएको छु ।

११३. प्रादेशिक आयुर्वेद चिकित्सालय, कैलालीको संचालनका लागि रु. ४ करोड ५२ लाख विनियोजन गरेको छु । प्रदेश मातहतका आयुर्वेद संस्थामा आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा विस्तारका लागि स्वस्थ जीवन/नागरिक आरोग्य कार्यक्रम, पुर्वकर्म/ पंचकर्म सेवा विस्तारको लागि रु. २ करोड बजेट बिनियोजन गरेको छु । महाकाली आयुर्वेद अस्पताल कन्चनपुरमा प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा संचालनको लागि रु.९० लाख बजेट विनियोजन गरेको छु ।

११४. प्रदेशका प्रयोगशालाहरुको सुदृढीकरणको लागि रु. १ करोड र आकस्मिक सेवा सुदृढीकरणको लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु।

११५. जटिल अवस्थामा प्रसुती र कडा रोगीको आकस्मिक हवाई उद्दार कार्यक्रमलाई निरन्तरता दिंदै सोका लागि रु. ५३ लाख ३५ हजार बजेट विनियोजन गरेको छु।

११६. ज्येष्ठ नागरिकलाई घरमै आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नको लागि ९ वटै जिल्लामा मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रमको निरन्तरता दिदै सोका लागि रु. १ करोड ६० लाख बजेट विनियोजन गरेको छु । आगामी आर्थिक वर्षमा शर्पदंश उपचार सेवा कार्यक्रमलाई विस्तार गरी थप प्रभावकारी बनाइने छ।

११७. हिंसा पिडित महिलाहरुको पुनर्स्थापना तथा सामाजिकिकरणका लागि महिला सुरक्षा गृहको निर्माणलाई विशेष प्राथमिकता दिएको छु।

११८. प्रदेशमा देखिएका मुख्य १० वटा रोगहरु मध्ये खानेपानीसँग सम्बन्धित ४ वटा रोगहरु नियन्त्रणका लागि सबै जिल्लाका स्वास्थ्य कार्यालयहरुमा खानेपानी नमुना परिक्षणको लागि प्रयोगशाला विस्तार एवम् परिक्षण कार्यक्रमको निरन्तरताका लागि रु. ४८ लाख विनियोजन गरेको छु।

११९. सुदूरपश्चिम प्रदेशमा आमा तथा शिशुहरुको मृत्युदर घटाउन, स्वास्थ्य संरक्षण गर्न र दिगो विकासका लक्ष्य हासिल गर्न बिगत वर्ष देखि संचालन गरिदै आएको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षमा ८८ वटै पालिकाबाट थप एक/एक जना नर्सिङ कर्मचारीलाई २१ दिने तालिम प्रदान गरी प्रदेशको सुरक्षित मातृत्व अभियानलाई प्राथमिकताका साथ संचालन गरिने छ। उक्त कार्यक्रमका लागि रु. १ करोड ११ लाख रकम विनियोजन गरेको छु।

१२०. डोटी अस्पताल भवन निर्माणका लागि रु. ५ करोड ३५ लाख, बेदकोट अस्पतालका लागि रु. ५ करोड ३५ लाख, लम्किचुहा सामुदायिक अस्पतालका लागि रु. ८ करोड ८२ लाख, महाकाली अस्पतालको स्टाफ क्वाटर र इमर्जेन्सी भवन निर्माणका लागि रु. ५ करोड ७५ लाख, स्वास्थ्य कार्यालय बाजुराको भवन निर्माणका लागि रु २ करोड तथा जिल्ला अस्पताल मार्तडीको भवन निर्माण तथा स्तरन्नोतिका लागि रु. ३ करोड, जिल्ला अस्पताल अछाम भवन निर्माणका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

१२१. गेटा आँखा अस्पतालको साझेदारीमा सबै जिल्लामा आँखा शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिएको छु।

१२२. प्रदेशभित्रका विज्ञान वा प्राविधिक विषय पठनपाठन हुने क्याम्पसहरूलाई प्रोत्साहन अनुदान, प्रयोगशाला अनुदान र प्रदेश भित्रका ९ वटा नमूना

क्याम्पस तथा नमूनाको रुपमा स्तरोन्नति हुने क्याम्पसहरुको व्यवस्थापनको लागि पूँजीगत अनुदान प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२३. प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने क्याम्पसहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर भएको कारण अध्ययन अध्यापन गर्ने कार्य गर्न असहज भएकोले उच्च शिक्षा कार्यक्रम अन्तर्गत क्याम्पस भवन निर्माण, क्याम्पसहरूमा पुस्तकालय व्यवस्थापन तथा ICT व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२४. युवा जनशक्तिलाई प्रदेशकै सेवाका लागि प्रेरित गर्न **"मेरो विशेषज्ञता, मेरै प्रदेशका लागि"** भन्ने मर्मसहित पिछडिएको वर्गका जेहेन्दार विद्यार्थीहरूलाई MD र MBBS सहित चिकित्सा शिक्षा छात्रवृत्ति, लक्षित वर्गका लागि उच्च शिक्षा अध्ययन छात्रवृत्ति र अति-विपन्न वर्गका विद्यार्थीहरूको लागि प्राविधिक डिप्लोमा अध्ययन छात्रवृत्तिका लागि रू. ३ करोड ५० लाख विनियोजन गरेको छु।

१२५. आर्थिक वर्ष २०७६/७७ र चालु आर्थिक वर्षमा निर्माण प्रारम्भ भएका र आगामी आर्थिक वर्षमा निर्माण गरिने प्राविधिक धारका सामुदायिक विद्यालय तथा सामुदायिक क्याम्पसमा छात्रावास निर्माणको लागि रू. २८ करोड विनियोजन गरेको छु।

१२६. संघ, प्रदेश र स्थानीय तह बीचको लागत साझेदारीमा ठूला विद्यालय स्थापनाका लागि छनौट भई गुरुयोजना र डिपीआर तयार भईसकेका महेन्द्र मा. वि. खलङ्गा दार्चुला, हिमालय मा.वि. साँफेबगर, अछाम र कान्ति राज्यलक्ष्मी मा.वि., घोडाघोडी, कैलालीका लागि रु. ३ करोड रकम विनियोजन गरेको छु।

१२७. प्रदेश स्तरमा स्थापना हुने बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि महाकाली मावि बेलौरी, कंचनपुरमा विशेष सुविधायुक्त आवासीय विद्यालय भवन निर्माण गर्न प्रदेशको लागत साझेदारीका लागि रु. १ करोड विनियोजन गरेको छु।

१२८. सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार विकास तथा विस्तार एवम् विद्यालय सुधार कार्यक्रमका लागि रू. १ अर्व १७ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

१२९. सामूदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरणका लागि १ करोड ५० लाख विनियोजन गरेको छु।

१३०. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरू तथा विशेष शिक्षा संचालित विद्यालयहरूको सुदृढीकरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३१. शिक्षकहरुको अध्ययन अध्यापन गराउने सिकाइ सीप सम्बन्धी क्षमता विकास गर्न प्रदेशस्तरबाट शिक्षकहरूको पेशागत विकास एवम् तालिमको लागि पर्याप्त बजेट व्यवस्था गरेको छु

१३२. नेपाल सरकार र स्थानीय तहको समन्वय र सहकार्यमा शैक्षिक अभियान मार्फत आगामी आर्थिक वर्ष भित्रै **पूर्ण साक्षर प्रदेश** घोषणा गर्न आवश्यक व्यवस्था मिलाएको छु।

१३३. कक्षा ३ सम्म मातृभाषा तथा विद्यालय तहसम्म नैतिक शिक्षा सम्बन्धि पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई आवश्यक सहयोगको लागि व्यवस्था मिलाएको छु।

१३४. आगामी आर्थिक वर्ष भित्र सुदूरपश्चिम प्रदेश विश्वविद्यालय स्थापना गर्न आवश्यक कानूनी संरचना निर्माण गरिनेछ।

१३५. **एक जिल्ला एक नमुना क्याम्पस**को कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छु। विद्यालय भर्ना दर वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिदै सवैको लागि शिक्षा अभियानलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु।

१३६. प्राविधिक शिक्षा प्रदायक संस्थालाई दिने अनुदान तथा गरीव, विपन्न र सहिद परिवारलाई दिईने शैक्षिक छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु।

१३७. खेलकुदको माध्यमबाट प्रदेशमा स्वास्थ्य एवम् अनुशासित युवा जनशक्ति उत्पादन गर्न प्रदेश सभाका हरेक निर्वाचन क्षेत्रमा एक खेलकुद मैदान निर्माण एवम् स्तरोन्नति गर्न रु. ३ करोड २० लाख विनियोजन गरेको छु। बाजुराको मार्तडीमा वहुउद्देशिय खेल मैदान निर्माणको आवश्यक बजेट विनियोजन गरेको छु। खेलकुद विकासको लागि प्रदेश खेलकुद नीति तर्जुमा गरी कार्यन्वयन गरिनेछ।

१३८. मुख्यमन्त्री खेलकुद तथा अन्य खेलकुद प्रतियोगिताका साथै खेल क्षेत्रको समग्र विकास र खेलप्रतिको आकर्षण बढाउनका लागि रु. ३ करोड ९० लाख विनियोजन गरेको छु। खेलाडीको वृत्ति विकास तथा सम्मानका लागि प्रदेशस्तरमा खेलाडी कल्याणकारी कोष संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१३९. प्रदेश युवा परिषद स्थापना, संचालन तथा कार्यक्रम व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४०. **"युवाको जवानी, प्रदेशको लगानी"** भन्ने नाराका साथ युवा उद्यम कार्यक्रमलाई निरन्तरता दिएको छु। सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४१. ऐतिहासिक महत्वका किल्ला, गढी एवम् सांस्कृतिक धार्मिक तथा पुरातात्विक स्थलका साथै प्रदेशभित्रका राष्ट्रिय एवम् स्थानीय सम्पदाहरु संरक्षण, सम्बर्द्धन र विकास गर्न तथा भाषा र संस्कृतिका विविध कार्यक्रम संचालन गर्न रु २ करोड १० लाख विनियोजन गरेको छु।

१४२. प्रदेशका सबै धार्मिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा प्रचारप्रसार एवम् प्रदेशको भाषा, साहित्य र कलाको संवर्धनको लागि स्थापना हुने सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४३. आर्थिक र सामाजिक रुपले विपन्न महिलाहरुको क्षमता विकास, रोजगारी र आयआर्जन मार्फत विकासको मूलप्रवाहमा समाहित गर्न महिला सशक्तीकरणको कार्यक्रमलाई ८८ वटै पालिकाहरुमा सञ्चालन गर्नको लागि रु. ५ करोड ८५ लाख बजेट विनियोजन गरेको छु।

१४४. हिंसामा परेका महिलाहरुको तत्काल उद्दार, उपचार र आवश्यक कानुनी उपचार एवम् पारिवारिक तथा सामाजिक पुनस्थापना गर्ने कार्यका लागि सबै जिल्लामा आकस्मिक सेवा केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिएको छु। सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४५. बाल अधिकार प्रवर्द्धन गर्दै बालबालिकाको सुखद बालापनको सुनिश्चित गरी चौतर्फी बिकास गर्नका लागि विविध कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४६. समाजमा रहेका विभिन्न प्रकारका हिंसा, विभेद, भेदभाव हटाई समतामुलक समाज निर्माण गर्न सामाजिक रुपान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४७.लिङ्गको आधारमा हुने विभेदको अन्त्य गर्न एवम् बालिकाको सम्मानित जीवन र बालअधिकारको सुनिश्चितता गर्न नयाँ जन्मिने सबै बालिकाका लागि बालिका बीमा/बैंक खाता कार्यक्रम संचालनका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

१४८. अपांगता भएका व्यक्तिहरुको पहिचान (Screening) र सुधारयोग्य बिकृति उपचार कार्यको थालनी गर्न र सिपमुलक तालिम सञ्चालन गरी आयआर्जन, स्वरोजगारमूलक बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१४९. आगामी आर्थिक वर्षमा व्यवसायिक तथा सीप विकास तालिम केन्द्रबाट कार्यान्वयन हुने गरी **"सीप सिकौ उद्यमी बनौ"** भन्ने अभियान मार्फत १४ सय ८० जना व्यक्तिलाई विभिन्न प्रकारका निशुल्क व्यवसायिक तथा सीप विकास तालिम प्रदान गर्न रु. ३ करोड ९५ लाख विनियोजन गरेको छु।

१५०.कार्यस्थलमा कामदारको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रशिक्षण, परामर्श तथा उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसको लागि श्रम नीति तर्जुमा गरी कार्यन्वयनमा ल्याइने छ।

१५१. सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयन हुने उपरोक्त कार्यक्रमको लागि रु. ५ अर्व ८८ करोड ५९ लाख विनियोजन गरेको छु। जून कुल बजेटको १९.४ प्रतिशत हुन आउछ।

**माननीय सभामुख महोदय**

**अब म भूमि व्यवस्था कृषि तथा सहकारी** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१५२. **"नमुना गाँउ आफैं बनाउँ"** भन्ने नाराका साथ संचालन गरिएको मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै प्रदेशमा प्रमुख कृषि बस्तुको उत्पादन बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा उन्मुख बनाईनेछ । यसका लागि रु १६ करोड बिनियोजन गरेको छु ।

१५३. **"प्रदेश सरकार, कृषकको अभिभावक"** भन्ने नाराका साथ कृषि उपजको उत्पादन लागत तथा जोखिम घटाई कृषकहरुको प्रतिस्पर्धि क्षमता बृद्धि गर्न उन्नत बीऊ विजन, रासायनिक मल, कृषि ऋण, भन्सार शुल्क, बीमा शुल्क र बिद्युत महशुलमा सहुलियत प्रदान गरिनेछ । यसका लागि रु १० करोड बिनियोजन गरेको छु

१५४. साना कृषकहरुको खेति योग्य जमिनमा सिंचाईको सुविधा विस्तार गरी उत्पादन बृद्धि गर्न कृषक समुह र सहकारी मार्फत प्रदेशमा १५०० स्यालो ट्युववेल र ४०० कुलो र पोखरी निर्माण गरिनेछ। यसका लागि रु १८ करोड विनियोजन गरेको छु।

१५५. चामलको आयात प्रतिस्थापन गर्न धान उत्पादन प्रवर्द्धनका कार्यक्रम संचालन गरिनेछ। कैलालि जिल्लाका ५ वटा स्थानिय तहहरुमा न्युनतम समर्थन मूल्य तोकि धान मिलहरु मार्फत ५० हजार क्विन्टल मसिना धानको खरिद गर्न रु २ करोड ३० लाख विनियोजन गरेको छु।

१५६. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न दीर्घकालीन शोच सहितको प्रदेश कृषि विकास नीति तर्जुमा गरी कार्यन्वयनमा ल्याइने छ।

१५७. कृषि उपजको बजारिकरण प्रवर्द्धन गर्न नौ वटा जिल्लामा एकिकृत कृषि बजार निर्माण कार्यको लागि रु ३ करोड विनियोजन गरेको छु। गत आर्थिक वर्षमा निर्माण शुरु भएका कोल्ड च्याम्बर,कोल्ड रुम र राईपेनिंग च्याम्बरको

निर्माण सम्पन्न गर्दै बझांग, कैलाली र कंचनपुरमा नयाँ संरचना निर्माणका लागि रु ६ करोड विनियोजन गरेको छु।

१५८. तरकारी, आलु र मसला खेतिका लागि सामुदायिक र चक्लाबन्दि गरी १००० हेक्टर क्षेत्रफलमा खेति विस्तार गरिनेछ। युवा पुस्तालाई ब्यवसायिक तरकारी खेति तर्फ आकर्षित गरी स्वरोजगार बनाउन ग्रिन हाउस, नेट हाउस तथा सिंचाई पुर्वाधार निर्माण गर्न प्रोत्साहन गरिनेछ। तरकारी, आलु र मसला खेति विस्तारका लागि रु ५ करोड विनियोजन गरेको छु।

१५९. गुणस्तरिय फलफुल बेर्ना र आलु बीऊ उत्पादन गर्न तन्तु प्रजनन प्रयोगशाला स्थापना गरिनेछ। तरकारी फार्म डडेल्धरा, सुख्खा फलफुल विकास केन्द्र बैतडी र निजि फलफुल नर्सीरिको क्षमता अभिबृद्धि गरिनेछ। ब्यवसायिक फलफुल खेति प्रवर्द्धन गर्न कैलाली लगायत पहाडका ७ जिल्लाहरुमा आधुनिक प्रविधियुक्त स्याउ, ओखर र सुन्तलाजात फलफुलका बगैंचाहरु स्थापना गरिनेछ। फलफुल क्षेत्रको समग्र विकासका लागि रु १० करोड विनियोजन गरेको छु।

१६०. उत्पादन कार्यमा संलग्न कृषकलाई कृषि ऋण, रासायनिक मल, विद्युत महशुल, कृषि विमा, भन्सार महशुल जस्ता कार्यक्रमहरुलाई यस वर्ष पनि निरन्तरता दिएको छु। अनुदान कार्यक्रमलाई भौचर प्रणाली मार्फत आवश्यक नीतिगत परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ।

१६१. कृषि यान्त्रिकरण प्रवर्द्धनका लागि कृषक समुह, सहकारी तथा स्थानीय तहको सहकार्यमा कष्टम हायरिंग सेन्टरहरु स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१६२. **"आफुलाई चाहिने बीऊ, आफैं उत्पादन गरौं"** भन्ने नाराका साथ  आगामि २ बर्षमा प्रत्येक जिल्लालाई खाद्यान्न बीऊ विजनमा आत्मनिर्भर बनाउन तथा बीऊ उत्पादनलाई उद्योगको रुपमा संचालन गर्न एक स्थानिय तह एक बीऊ स्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा निजी तथा सहकारी मार्फत १५ स्थानमा बीऊ उत्पादन, प्रशोधन तथा भण्डारण केन्द्रहरु स्थापना गरिनेछ । पुनर्वास नगरपालिकामा रहेको ७४ विघा जग्गामा हिउदे तथा वर्षे सिजनमा मूल वीउ उत्पादन गरिनेछ। बीऊ क्षेत्रको समग्र विकासका लागि रु ५ करोड विनियोजन गरेको छु।

१६३. **"किसान हुनुमा मलाई गर्व छ"** भन्ने नाराका साथ प्रदेशमा कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन प्रदेश स्तरमा **भीमदत्त उत्कृष्ट कृषक पुरस्कार**बाट प्रोत्साहन गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

१६४. माटो सुधार, प्रांगारिक खेति तथा जलबायुमैत्री कृषिलाई विशेष प्राथमिकता दिइनेछ । गोठखोर र भकारो सुधारका कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरी प्रांगारिक र जैविक मल उत्पादन गर्न पर्याप्त बजेट विनियोजन गरेको छु।

१६५. सुदूरपश्चिम प्रदेशभित्र निजी तथा सामुदायिक स्तरबाट लगानी भई संचालन हुन नसकेका वा संचालन भैरहेका वा रुग्ण अवस्थामा पुगेका ठुलो क्षमताका सीत भण्डार तथा प्राङ्गारिक मल/रासायनिक मल कारखानाहरुलाई पूँजीगत अनुदान उपलब्ध गराई संचालनमा ल्याउन प्रोत्साहनको लागि रु १० करोड वजेट विनियोजन गरेको छु। जसबाट कृषि उपज तथा प्राङ्गारिक मल/रासायनिक मलको उत्पादनमा बढोत्तरी हुने विश्वास लिएको छु।

१६६. **"मेरो उत्पादन, प्रदेशको पहिचान"** भन्ने नाराका साथ सुन्तलाजातका फलफुल, ओखर र मह लाई प्रदेशको पहिचान सहित बजारिकरण गरिनेछ ।

दुध र महको उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

१६७. **"अध्ययनसँगै आयआर्जन"** भन्ने नाराका साथ संचालन गरिएको कृषक सँग कृषि विद्यार्थी कार्यक्रम र कृषि उस्मायन पद्धतिमा कृषि उद्यमशिलता विकास कार्यक्रमलाई थप प्रभावकारि बनाउन रु ४ करोड ५० लाख विनियोजन गरेको छु ।युवा व्यवसायि र वैदेशिक रोजगारिमा रहँदा कृषि प्रविधि सिकि फर्किएका युवाहरुलाई व्यवसायिक फार्म स्थापना गर्न प्रोत्साहन दिन आवश्यक बजेट विनियोजन गरेको छु।आगामी आर्थिक वर्षमा भीमदत्त उत्कृष्ट कृषक मार्फत कृषि पेशालाई थप प्रोत्साहित गरिनेछ।

१६८. मुक्त कमैया, मुक्त हलिया, शहिद परिवार, दलित, एकल महिला, अपांग, अति विपन्न तथा सिमान्तकृत लक्षित वर्गका लागि कृषि व्यवसाय मार्फत जीविकोपार्जन सुधार कार्यक्रमका लागि रू. ५ करोड विनियोजन गरेको छु ।

१६९. सहकारी क्षेत्रलाई विकासको प्रमुख साझेदारका रुपमा स्थापना गर्न संस्थाको क्षमता तथा पुर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।दलित, अल्पसंख्यक र महिलाद्वारा संचालित सहकारी संस्थाहरुलाई बीऊ पुँजि (Seed Money) अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु ।सहकारी क्षेत्रको समग्र विकासका गर्दै **घरघरमा सहकारी उत्पादन र रोजगारी** अभियान अन्तर्गत रु. २० करोड विनियोजन गरेको छु ।

१७०. पशुनश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रम संचालनका लागि तरल नाईट्रोजन उत्पादन गर्न प्लान्ट स्थापनाको लागि रू. ३ करोडको व्यवस्था गरेको छु । प्रदेशस्तरमा पशुपन्छीहरूको महामारीजन्य रोग नियन्त्रणका लागि प्रदेश स्तरीय खोप अभियान संचालन गरी १५ लाख पशुमा खोप लगाउनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

१७१. प्रदेशलाई दुध, मासु र अण्डामा क्रमश तीन, दुई र एक वर्षमा आत्मनिर्भर बनाउनका लागि नौ वटा जिल्लामा व्यवसायिक गाईभैसी पालन, वृहत वाख्रा पालन, वंगुर पालन, रैथाने तथा ग्रामिण कुखुरा पालनका लागि फार्म सुदृढिकरण तथा वृहत प्याकेटको रूपमा विकास गरी वजारीकरणमा जोड दिन आवश्यक वजेटको व्यवस्था गरेको छु । प्रदेशमा पशुपन्छीको आहराको वन्दोवस्तको लागि वहुउद्देशीय घाँसेवाली नर्सरी स्थापना, घाँसको वीउ वेर्ना वितरण तथा मकै तथा भटमास प्रवर्द्धनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । आगामी आर्थिक वर्ष भित्रै प्रादेशिक दुग्ध नीति मार्फत दुग्ध विकास वोर्ड र दुग्ध प्रशोधन केन्द्रहरु स्थापना गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

१७२. उच्च पहाडी भेगमा मासुका लागि पालिने सिन्हाल वाख्राको प्रवर्द्धन र भेडापालन गरी उन प्रशोधन उद्योग स्थापनाको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । साईपाल, व्यास र हिमाली गाउँपालिका विशेष कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन गरिनेछ । पशु वथान दर्ता मार्फत पशु व्यवसायलाई थप नियमन गर्दै लगिने छ।

१७३. पशुपालन तथा दुग्ध व्यवसायलाई मर्यादित र व्यवस्थित गर्न प्रदेश दुग्ध विकास वोर्डको स्थापना गरी संचालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु। दुधको वजारीकरण तथा संकलनका लागि कैलाली, कन्चनपुर र डडेल्धुरा जिल्लामा दुग्ध संकलन, चिस्यान र प्रशोधन केन्द्र स्थापनाको लागि रू. ३ करोड वजेटको व्यवस्था गरेको छु ।

१७४. उच्च प्रजननमान भएका मुर्रा नश्लका भैसीको स्रोतकेन्द्र स्थापनाको लागि आनुवांशिक स्रोत फार्म, टिकापुरको संरचना निर्माण सम्पन्न गर्नका आवश्यक वजेटको व्यवस्था गरेको छु ।

१७५. पारिवारिक पोषण तथा खाद्य सुरक्षाका लागि ग्रामिण तथा रैथाने कुखुरा प्रवर्धन गर्न र व्यवसायिक पालनलाई प्रवर्धन गर्न कुखुराको ह्याचरी स्थापनार्थ माउ कुखुराको आयातमा सहुलियतका लागि वजेटको व्यवस्था गरेको छु । स्वच्छ माछामासुको उत्पादन तथा विक्रि वितरणका लागि मासुपसल तथा मिट मार्ट सुधारका साथै शीत कक्षका लागि वजेटको व्यवस्था गरेको छु ।

१७६. प्रदेशमा माछाको उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर उन्मुख वनाउनका लागि मत्स्य विकास केन्द्र, गेटा मार्फत ३ करोड ह्याचलिङ, ५० लाख फ्राई, ३० लाख फिङ्गरलिङ उत्पादन गरी वितरण गरिनेछ । खानेमाछा उत्पादन प्रवर्धनका लागि प्राकृतिक ताल तलैया, खेतीगर्न अयोग्य जमिनमा माछापालन तथा  उच्च घनत्व सघन माछापालन र चिसोपानीमा माछा पालन प्रवर्धन गरिने छ । मत्स्य क्षेत्रको विकासका लागि रू. ५ करोड वजेटको व्यवस्था गरेको छु ।

१७७. प्रादेशिक भू-उपयोग गुरुयोजना, प्रदेश स्तरमा गुठी जग्गा व्यवस्थापन सम्वन्धी नीति, चालु आर्थिक वर्ष भित्रै तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेशमा रहेका नापी तथा मालपोत कार्यालयहरुको पुर्वाधार विकास तथा श्रेस्ता सुधार कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु। मुक्त कमैया, मुक्त कम्लहरि र मुक्त हलियाको तथ्यांक अद्यावधिक गर्न तथा अव्यवस्थित वसोवासीहरूको समस्या समाधानका लागि रु २ करोड व्यवस्था गरेको छु।

१७८. पुनर्बास नगरपालिका कञ्चनपुर, भजनी नगरपालिका कैलाली ,चुरे गाउँपालिका कैलाली ,आलिताल गाउँपालिका डडेल्धुरा, दशरथचन्द नगरपालिका बैतडी ,महाकाली नगरपालिका दार्चुला ,दिपायल सिलगढी नगरपालिका डोटी,  बडिमालिका नगरपालिका बाजुरा ,साँफेबगर नगरपालिका अछाम र अत्तरिया कृषि बजार कैलालीमा बिभिन्न जातका फलफुल तथा बिउ

भण्डारणका लागि जम्मा २८० मे.ट. क्षमताका कोल्ड च्याम्बर निर्माण, संचालन र हस्तान्तरण कार्यको निरन्तरताको लागि रु ३ करोड विनियोजन गरेको छु।

१७९. प्रदेशका ९ बटै जिल्लामा कृषिको भण्डारण र बजारीकरणमा सहयोग पुरयाई कृषिमा व्यवसायीकरण गर्ने उद्धेश्यका साथ निर्माण, सञ्चालन र हस्तान्तरण (BOT) विधिबाट एकिकृत कृषि बजार निर्माण गर्ने कार्यलाई निरन्तरता दिंदै आगामी आर्थिक वर्षमा सम्पन्न गर्नका लागि रु ४ करोड ५० लाख विनियोजन गरेको छु।

१८०. प्रदेशभित्रका किसानहरुको उद्दमशीलता बिकास गर्न बिभिन्न स्रोत केन्द्रहरु मार्फत उनीहरुलाई अभिमुखिरण तालिम दिई उनिहरुको ज्ञान, शीप ,क्षमता अभिबृदि गरी उनीहरुकै व्यावसायिक योजनाका आधारमा कम्तिमा ५० जनालाई अनुदान दिने गरी कृषि उद्धमशीलता बिकास कार्यक्रमका लागि रु ३ करोड विनियोजन गरेको छु।

१८१. प्रदेशका ९ वटै जिल्लामा साना सिंचाई आयोजना सञ्चालन गर्न मध्यमस्तरको जनशक्ति विकास गर्न कृषि सेवाका प्राबिधिकहरुलाई ४५ दिनको कृषि इन्जिनियरिङ तालिम सञ्चालन गरिनेछ। साथै, आगामी आर्थिक वर्षमा ३०० जना कृषि प्राबिधिकहरुलाई बिभिन्न विषयका छोटा तालिम प्रदान गरिने छ।

१८२. आगामी आर्थिक वर्षमा कम्तिमा १२ हजार कलमी ओखरको बिरुवा उत्पादन गरी बिक्रि वितरण गरिनेछ साथै बिभिन्न जातका ओखरको माउ बोटको बगैचा बिस्तार गर्न रु ३० लाख विनियोजन गरेको छु।

१८३. डोटी ,डडेल्धुरा ,अछाम र दार्चुला जिल्लाका नदि किनाराका फाँटहरुमा **रिभर बेसिन बृहत उत्पादनस्थल** निर्माणका लागि बिबिध प्रकारका सिंचाइ

सहयोग कार्यक्रम सौर्य सिंचाइ, पोखरी निर्माण , सतह सिंचाइ ,लिफ्ट सिचांइ प्रबिधि हस्तान्तरण ,उत्पादन सामग्रि सहयोग ,बजार पुर्बाधार निर्माण बजारिकरण सहयोग आदिका लागि रु १ करोड ५० लाख बिनियोजन गरेको छ।

१८४. बाजुरा जिल्लाको स्वामी कार्तिक गाउँपालिकामा २०० रोपनी क्षेत्रफलमा **उच्च घनत्व** (HDP) को सामुदायिक स्याउ बगैचा स्थापनाका लागि रु ५ करोड र सोही गाउँपालिकामा स्थानिय तहसँगको साझेदारीमा स्याउ प्रसोधन केन्द्र स्थापना गर्न ७० लाख बजेट बिनियोजन गरेको छ।

१८५. रैथाने बाली प्रसोधन प्याकेजिङ चुट्ने काट्ने बताउने सुकाउने जस्ता साना कृषि यन्त्र उपकरणहरुको खरिदमा ५० प्रतिशत अनुदान दिन रु ५० लाख विनियोजन गरेको छु। यसका साथै बिभिन्न जिल्लामा कृषि यन्त्र उपकरण खरिदमा ५० प्रतिसत अनुदान दिन समेत बजेट विनियोजन गरेको छु। त्यस्तै मुख्यमन्त्री एकिकृत कृषि कार्यक्रमलाई थप परिमार्जन सहित निरन्तरता दिएको छु।

१८६. प्रदेशको खाद्य सुरक्षा कवच निर्माणमा सहयोग पुर्याउन ९ वटै जिल्लामा साना सिंचाई कार्यक्रमका साथै सिंचित क्षेत्र बृद्धि गरी कृषि बालिबस्तुको उत्पादकत्व बृद्धि गर्न साना तथा मझौला सिंचाई भुमिगत सिंचाई निर्माण तथा मर्मत सम्भारका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१८७. आगामी आर्थिक वर्षमा २०० मेट्रिक टन स्रोत बिऊ प्रमाणिकरण गर्ने ब्यवस्था मिलाएको छु। साथै, कम्तिमा ३०० हेक्टरमा स्रोत बिऊको खडा बाली निरीक्षण गरिने छ। बर्ष भरिमा कम्तिमा ५०० नमुनाको रोग किराको परिक्षण गरिनेछ।

१८८. ६ वटा पहाडी जिल्लामा सुन्तला जातको बगैचा स्थापना तथा बिस्तार गरी कृषकहरुलाई आवश्यक सामग्री वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१८९. दार्चुला, बाजुरा र बझाङ जस्ता अति विकट तथा पिछडिएका क्षेत्रमा स्थानीय रोजगारी प्रवर्द्धन हुने गरी **जनासभागितामा आधारित विकाससँग रोजगारी कार्यक्रम तथा कामको लागि खाधान्न कार्यक्रम** सञ्चालन गर्ने आवश्यक व्यवस्था गरेको छु। यसबाट सम्भावित खाद्य संकटको समयमै सम्वोधन भै स्थानीय रोजगारी प्रवर्द्धन हुने विश्वास लिएको छु।

१९०. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट कार्यान्वयन हुने उपरोक्त बमोजिमको कार्यक्रमका लागि रु २ अर्व ८३ करोड ५६ लाख विनियोजन गरेको छु। जुन कुल बजेटको ९.३ हुन आउछ।

**माननीय सभामुख महोदय**

अब म **भौतिक पूर्वाधार विकास मन्त्रालय** तर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९१. दार्चुलाका जिल्लाको ब्यास गाउँपालिका वडा नम्बर १ को छाङरूमा वडा कार्यालय भवन निर्माण आगामी आर्थिक वर्ष मै गर्ने गरी रु. १ करोड १० लाख बजेट बिनियोजन गरेको छु।

१९२. विगतका आर्थिक वर्षहरु देखि कार्यान्वयनमा आई सञ्चालन भैरहेका प्रदेश गौरवका आयोजना, क्रमागत आयोजना, रुपान्तरणकारी आयोजना तथा बहुवर्षिय आयोजनाका लागि उच्च प्राथिमकता दिई रु ५ अर्व १२ करोड ७३ लाख विनियोजन गरेको छु।

१९३. हालसम्म यातायात सुविधाबाट वञ्चित रहेको बाजुरा जिल्लाको अति विकट स्थानमा रहेको काम्तिस्थित कर्णाली नदिमा बेलिब्रिज पुल निर्माणका लागि

स्थानीय तहको सहलगानी समेत हुने गरी रु ५ करोड विनियोजन गरेको छु। यस कार्यक्रमले स्वामिकार्तिक गाउँपालिकामा बसोबास गर्ने समुदायको लागि यातायातमा सहजता ल्याउने विश्वास लिएको छु।

१९४. बाजुरा ,बझांग लगायतका **विद्युत सेवाको विस्तार नपुगेका दुर्गम र हिमाली जिल्लाहरुका** स्थानहरुमा सौर्य ऊर्जा मिनिग्रिड प्रणालीको सम्भाव्यता अध्ययन आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गरिनेछ।

१९५. सुदूरपश्चिम प्रदेशलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान वैकल्पिक ऊर्जातर्फ सौर्य ऊर्जाको समेत उपयोगवाट **"प्रदेशका गाउँ उज्यालो बनाउँ"** कार्यक्रम संचालन गरिने छ। यसका लागि सौर्य ऊर्जाका विस्तृत परियोजना अध्ययन सम्पन्न भएका गराजु डोटी, बिनाबत्थी बैतडीमा गरी २ वटा आयोजनाको कार्यान्वयन गर्न रू. २ करोड ९५ लाख विनियोजन गरेको छु। उक्त आयोजनाहरुको कार्यान्वयनबाट ५५ किलोवाट विद्युत उत्पादन हुने, कार्वन उत्सर्जन घट्ने र स्वच्छ ऊर्जामा पहुँच वृद्धि हुने विश्वास लिएको छु।

१९६. संघीय सरकार सँगको सहकार्यमा कञ्चनपुरको बेदकोट भावर क्षेत्र खानेपानी सुधार कार्यक्रम र बैतडीको मेलौलीमा मेलौली लिफ्ट खानेपानी योजना आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरी खानेपानी सुबिधाबाट बञ्चित नागरिहरुकलाई सफा र स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन रू. १३ करोड ९ लाख विनियोजन गरेको छु।

१९७. सिंचाई सुविधाको अभावको कारण भूमिको उर्वरा शक्ति एवम् कृषि उत्पादनमा हुने ह्रासलाई पूर्ति गर्न तराई तथा भित्री मधेशका जिल्लाहरुमा २२ वटा डिप ट्युबेल र पम्प तथा एसेसरिज र ओभरहेड ट्यांक निर्माण गरी वितरण प्रणालीलाई प्रभावकारी बनाईनेछ। जसबाट ८८० हेक्टर क्षेत्रफलमा थप सिंचाई सुविधा विस्तार हुनेछ। यसको लागि रु २५ करोड ५६ लाख विनियोजन गरेको छु।

१९८.सिंचाई प्रणालीको विस्तार गरी खेतियोग्य भूमिको उत्पादकत्व वृद्धि गर्न ९ वटै जिल्लामा क्रमागत रुपमा सञ्चालित नमूना लिफ्ट सिंचाई प्रणालीको निर्माण आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गरिनेछ। साथै सतह सिंचाईको सम्भावना नभएको र लिफ्ट सिंचाई प्रबिधिको लागि सम्भाव्य भएका सिंचाई आयोजनाहरुको थप अध्ययन सम्पन्न गरिनेछ ।

१९९. बनहरा, चौधर र जोगबुडा नदी कञ्चनपुर, गौरिगंगा, कान्द्रा नदी कैलाली र रंगुन नदी डडेल्धुरा, सेती नदी बझाङ र डोटी लगायत प्रदेशका विभिन्न नदीजन्य प्रकोप न्यूनीकरण तथा व्यवस्थापनको लागि उपयुक्त प्रविधिको प्रयोग गरी नदी नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ। मुख्य तथा सहायक नदीको नदि नियन्त्रण कार्य र अन्य तटबन्ध कार्यबाट १०० कि.मि. लम्बाईमा तटबन्ध निर्माण भई ४७७ हेक्टर जमिनको उकास (Reclaim) भएको हुनेछ। यसका लागि रु २ अर्व २ करोड २९ लाख विनियोजन गरेको छु।

२००. खानेपानीको सुबिधाबाट बञ्चित रहेको समुदायलाई सफा र स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन खानेपानी संरचना निर्माणका लागि बजेट विनियोजन गरेको छु। आगामी आर्थिक वर्षमा थप १५००० हजार जनसंख्यालाई स्वच्छ खानेपानी सेवा उपलब्ध भएको हुनेछ। खानेपानी तर्फ रु. १ अर्व ३४ करोड ३८ लाख विनियोजन गरेको छु।

२०१. कृषि योग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराइ प्रदेशको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मानिर्भर अर्थतन्त्र निर्माण गर्न क्रमागत सिंचाई आयोजनाहरुबाट कच्ची कुलो निर्माण २५ कि.मि., पक्की कुलो निर्माण ५४ कि.मि. निर्माण सम्पन्न गरी थप २६०० हेक्टर क्षेत्र थप सिँचित हुने र ११०० हेक्टर क्षेत्रमा वर्षैभरी सिंचाई सुविधा उपलब्ध भई १३५०० मेट्रिक टन बाली उत्पादनमा

बृद्धि हुने विश्वास लिएको छ। जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२०२. नौ वटै जिल्लामा संचालित र बिगतमा निर्माण सम्पन्न भएका विभिन्न सिंचाई आयोजनाहरुलाई सिंचित क्षेत्रको आधारमा पहिचान र अध्ययन गरी विभिन्न थ्रेसहोल्डका आधारमा बर्गिकरण गरिनेछ।

२०३. क्रमागत लिफ्ट खानेपानी आयोजनाहरु सम्पन्न गरी नौ वटै जिल्लाका थप सम्भावित स्थानहरुका लिफ्ट खानेपानी आयोजनाहरुको थप अध्ययन कार्य गरिनेछ ।

२०४. प्रादेशिक सडकहरुमा दुर्घटना न्यूनीकरणका लागि डिजाइन, निर्माण एवम् स्तरोउन्नती जस्ता सबै चरणमा सडक सुरक्षा परीक्षणको व्यवस्था गरिनेछ।

२०५. प्रदेश सिंचाई गुरु योजना, प्रदेश भूमिगत सिंचाई गुरु योजना तयार गर्न अध्ययन कार्य सम्पन्न गरिनेछ ।

२०६. कैलाली र कंचनपुरका विभिन्न नदिहरु जस्तै :- कान्द्रा, कटैनी, बनरा, शिबगंगा, चौधरको नदी नियन्त्रण गुरु योजना को अध्ययन कार्य सम्पन्न गरिनेछ ।

२०७. प्रदेशको कमजोर पूर्वाधारको कारण विकासको मूल प्रवाहबाट बञ्चितिकरणमा परेका जनताको आवतजावत सहज बनाउन, कृषि उत्पादन र बजारीकरणलाई सहयोग पुऱ्याउन, सहज पर्यटकीय क्रियाकलाप संचालन गरी समग्र प्रदेशको विकास गर्न सडक संजाल अत्यावश्यक रहेको हुँदा विभिन्न जिल्लामा समपूरक अनुदान तर्फका सडक आयोजनाहरु तथा रणनीतिक महत्वका सडकहरु निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसबाट २२८ कि.मि. कच्ची, ४९ कि.मि. सडक स्तरोन्नती, १६१ कि.मि. पक्की सडक गरी जम्मा ४३८ कि.मि. सडक निर्माण, सडक पुल १४ वटा, झोलुङ्गे पुल ८ वटा निर्माण सम्पन्न भई यातायात व्यवस्था विकास भएको हुनेछ ।

२०८. प्रदेश सरकारबाट ३ मेगावाट भन्दा बढी क्षमताका ३ वटा जलविद्युत आयोजनाहरु, नौगाड(६.९७ मे.वा.), सुर्नया गाड(७.७५मे.वा.) र अपर सुर्नयागाड (७.७१मे.वा.) गरी तीनवटा जलविद्युत आयोजनाहरुको प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहितको बिस्तृत सम्भाव्यता अध्ययनको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। साथै उक्त जलविद्युत आयोजना निर्माणको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

२०९. शहरी विकास तथा भवन कार्यालय मार्फत सरकारी तथा सामुदायिक भवन, अन्य सार्वजनिक निर्माण र ढल निकास तथा सरसफाई संरचना निर्माण गर्न रु ५८ करोड ६ लाख विनियोजन गरेको छु।

२१०. भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यान्वयन हुने उपरोक्त बमोजिमको कार्यक्रमका लागि रु ११ अर्व ७५ करोड ८३ लाख विनियोजन गरेको छु। जुन कुल बजेटको ३८.८ प्रतिशत हुन आउछ।

**माननीय सभामुख महोदय**

अब म **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** तर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२११. प्रदेश सरकारलाई आवश्यक पर्ने सँगठन संरचना र जनशक्तिको सर्वेक्षण कार्य आगमी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी आवश्यक वजेट विनियोजन गरेको छु।

२१२. निजामती कर्मचारीका सन्ततिलाई सहुलियत दरमा गुणस्तरीय शिक्षा प्रदान गर्न डोटीमा स्थापित निजामती सन्तती आवासीय विद्यालयको संचालन अनुदानलाई निरन्तरता दिंदै सुविधा सम्पन्न विद्यालय भवन निर्माणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। जसका लागि रु. ५ करोड विनियोजन गरेको छु।

२१३. प्रदेश सभाले तोकेको स्थानमा राजधानी निर्माणको कार्य अगाडी बढाउन चालु आर्थिक वर्षमा राजधानी पूर्वाधार विकास समिति गठन भएको छ।

राजधानी पूर्वाधार विकास कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षका लागि संचालन अनुदान र वातावरणीय प्रभाव मूल्यांकन, विस्तृत परियोजना प्रतिवेदन लगायतको कार्य गर्न पूँजीगत अनुदान समेत कुल रु. २ करोड ७२ लाख विनियोजन प्रस्ताव गरेको छु।

२१४. आगामी आर्थिक वर्षबाट राष्ट्रिय एवम् प्रदेशका विविध क्षेत्रमा उत्कृष्ट योगदान पु¥याउने व्यक्तित्वहरुलाई सम्मान एवम् पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ। जसका लागि प्रदेश सेवा विभुषण पदक शीर्षकमा आवश्यक रकम विनियोजन गरेको छु।

२१५. प्रदेशमा समायोजन भएका र नयाँ नियुक्त हुने कर्मचारीहरुको एकीकृत प्रदेश कर्मचारी सूचना व्यवस्थापन प्रणाली निर्माण गरी सोको अभिलेख आगामी आर्थिक वर्षमा व्यवस्थित गरिनेछ। जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२१६. प्रदेशको समष्टिगत योजना तर्जुमा सम्बद्ध विशेषज्ञता विकास गर्ने उद्देश्यका साथ प्रदेश नीति तथा योजना आयोग गठन भई कार्यारम्भ भईसकेको छ। आगामी आर्थिक वर्ष भित्रै प्रदेश आवधिक योजना, प्रदेश प्रोफाइल, आयोजना बैंक, आयोजना छनौट मापदण्ड, प्रदेश गौरवका आयोजनाहरुको अनुगमन तथा प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता विकास गर्न रु. ६१ लाख बजेट विनियोजन गरेको छु। यसवाट प्रदेश नीति तथा योजना आयोग विशिष्टीकृत संस्थाको रुपमा विकास हुने विश्वास लिएको छु।

२१७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्रमहरु कार्यान्वयनका लागि रु १ अर्व ४५ करोड २ लाख विनियोजन गरेको छु। जुन कुल बजेटको ४.८ प्रतिशत हुन आउछ।

**माननीय सभामुख महोदय,**

अब म **प्रदेश पूर्वाधार विकास कार्यक्रम**सँग सम्बन्धित कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२१८. प्रदेशका स्थानीय तहहरुवीचमा साधन स्रोतको समन्यायिक वितरण मार्फत पूर्वाधार विकासमा तिब्रता दिन प्रत्येक निर्वाचन क्षेत्रका पूँजीगत प्रकृतिका सडक, पूल, खानेपानी, भवन, सिंचाई आदिमा खर्च गर्न र साविकमा थालिएका पूर्वाधार विकासका बाँकी कार्य सम्पन्न गर्न प्रदेश पूर्वाधार विकास कार्यक्रमका लागि रु. ९६ करोड विनियोजन गरेको छु।यस सम्बन्धि कार्यविधिमा आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

२१९. स्थानीय तहले पहिचान गरी प्रस्ताव गरेका पूर्वाधार विकासका योजना तथा कार्यक्रमहरुमा प्रदेश र स्थानीय तहको सह-लगानीमा समपूरक अनुदानबाट कार्यान्वयन हुने गरी रु. ६० करोड विनियोजन गरेको छु। स्वीकृत योजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षको सुरु देखिनै कार्यान्वयनमा जान सक्ने गरी व्यवस्था मिलाएको छु।

२२०. स्थानीय तहले पहिचान गरी माग गरेका विशेष अनुदानबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको लागि रु. ४० करोड बजेट विनियोजन गरेको छु। स्वीकृत योजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षको सुरु देखिनै कार्यान्वयनमा जान सक्ने गरी व्यवस्था मिलाएको छु।

२२१. विषयगत मन्त्रालयबाट प्रस्तावित सशर्त अनुदानतर्फ विनियोजित कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमा पठाउने व्यवस्था मिलाएको छु। स्थानीय तहमा सशर्त अनुदानका कार्यक्रमहरु हस्तान्तरण एवम् कार्यान्वयन सम्बन्धी व्यवस्था विनियोजन विधेयकमा प्रस्ताव गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म **सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवक** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२२२. प्रदेशभित्र कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको दक्षता एवम् व्यावसायिकता वृद्धि गर्दै मनोवल बढाउन उत्कृष्ट ५ कर्मचारी छनौट गरी निजामती सेवा दिवसको दिन पुरस्कृत गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२२३. प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोवल वृद्धि गर्दै प्रदेशमा आकर्षण बढाउन सम्बत् २०७८ साल श्रावण १ गते वाट लागू हुने गरी दार्चुला, बाजुरा र बझांग जिल्लामा कार्यरत राष्ट्रसेवकहरुलाई मासिक ३ हजार, अछाम, डडेल्धुरा, बैतडी तथा डोटीमा कार्यरत राष्ट्रसेवक कर्मचारीको हकमा मासिक रु. २ हजार ५ सय र कैलाली तथा कंचनपुरमा कार्यरत कर्मचारीको हकमा मासिक २ हजार प्रदेश विशेष प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ। यसबाट सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च भई सेवा प्रवाहमा थप प्रभावकारिता वृद्धि हुने विश्वास लिएको छु।

२२४. कोभिड-१९ को संक्रमण जोखिमको विद्यमान अवस्थामा कार्यस्थलमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सबै राष्ट्रसेवकको योगदानको उच्च मूल्यांकन गरी कोरोना रोकथाम र उपचारको लागि अग्रपंक्तिमा रही काम गर्ने राष्ट्रसेवकहरुलाई प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

२२५. आगामी आर्थिक वर्षको लागि अस्थायी, करार लगायत प्रदेशमा कार्यरत सबै राष्ट्रसेवकहरुको रु. १ लाख सम्मको निःशुल्क कोरोना उपचार बीमा गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु।

२२६. प्रदेशका निकायमा कार्यरत सबै करार र अस्थायी कर्मचारीहरुलाई आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा कोषसँग समन्वय गरी अनिवार्य रुपमा

योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

अब म **सुशासन र सार्वजनिक सेवा प्रवाह**सँग सम्बन्धित कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२२७. प्रदेशमा कार्यरत कर्मचारीहरुलाई आवास निर्माणका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु। सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई प्रदेशमा रहेका तालिम केन्द्रको छाता प्रतिष्ठानको रुपमा विकास गरिने छ।

२२८. प्रदेश सरकारले प्रदान गर्ने सार्वजनिक सेवाका सम्बन्धमा जनताका गुनासाहरु सोझै मुख्यमन्त्रीसँग राख्न हेलो सि.एम (Hello CM) कार्यक्रमलाई निरन्तरता दिएको छु। यस कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२२९. **"म सदाचारी हुँ, सबैलाई सदाचारी हुन प्रेरित गर्दछु"** भन्ने प्रतिज्ञा सहित सार्वजनिक पदाधिकारीमा सदाचार एवम् सुशासनको कार्य संस्कृति प्रवर्द्धन गरिनेछ। शासकीय प्रबन्धमा कानूनी राज्यको अवधारणालाई पूर्ण परिपालना गरिनेछ।

२३०. कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको काममा प्रदेश र स्थानीय तहबाट भएका खर्च लगायत अन्य संघ संस्थाले गरेको खर्चको विवरण त्रैमासिक रुपमा जानकारी गराउने व्यवस्था मिलाएको छु।

२३१. प्रदेश सरकार अन्तर्गतका निकायहरूबाट सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत, समय र उपलब्धि समेतका सूचकमा आधारित सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।

२३२. सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिनेछ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिनेछ।

२३३. प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको क्षमता विकास योजना (Human Resource Planning) वनाई आवश्यकताका आधारमा तालिम, तालिम प्रदायक संस्थाहरुको सुदृढिकरण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरीक समाज लगायत वहु सरोकारवालाहरुको निगरानी बढाउने जस्ता कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन आवश्यक बजेट विनियोजन गरेको छु।

२३४. शासकीय सुधार तथा सुशासन प्रवर्द्धन गर्न आगामी आर्थिक वर्ष भित्रै प्रदेशस्तरीय सुशासन प्रवर्द्धन केन्द्र र मन्त्रालयस्तरीय शासकीय सुधार इकाईको स्थापना गरिनेछ।

२३५. हाल जिल्लास्तरिय कार्यालयका इकाईहरु स्थापना नभएका बाजुरा तथा दार्चुला जिल्लामा खानेपानी, पूर्वाधार विकास कार्यालय र सिचाई सव-डिभिजन कार्यालयहरु आगामी आर्थिक वर्ष भित्रै स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

**माननीय सभामुख महोदय,**

अब म **शासकीय सुधार र साझेदारी प्रवर्द्धन** तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२३६. प्रदेश सरकारबाट प्रदान गर्ने सुविधालाई छिटो छरितो प्रभाकारी बनाउन कानूनी तथा नीतिगत स्पष्टता ल्याइने छ। क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई आगामी आर्थिक वर्षमा प्राथमिकताका साथ कार्यान्वयन गरिने छ। अध्ययन, अनुसन्धान, अन्वेषण जस्ता कार्यमा सरकारी तथ्यांकको

प्रयोगमा सहजता ल्याउन खुला तथ्यांकको अवधारणा (Open Government Data) कार्यान्वयन गरिनेछ।

२३७. सुदूरपश्चिम प्रदेशलाई लगानीको आकर्षण स्थल बनाउदै सार्वजनिक तथा निजी लगानीको प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा एक वृहत तथा सर्वपक्षीय लगानी सम्मेलन आयोजना गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। यसबाट सुदूरपश्चिम प्रदेश सरकारले सम्भाव्यता अध्ययन गरी सकेका जलविद्युत आयोजना लगायत सम्भाव्य लगानीका क्षेत्रहरुको पहिचान गरी साझेदारीको अवधारणा अनुसार लगानी प्रवर्द्धन हुने विश्वास लिएको छु।

२३८. प्रदेश सरकारले जारी गरेका नीतिहरु सोको प्रभाकरिता र सम्भाव्य नीतिहरुको सम्बन्धमा नागरिक समाज, संचार क्षेत्र लगायतका संघ संस्थाको सहभागिता रहने गरी नीति सम्बाद केन्द्र (Policy Discussion Center) स्थापना एवम् संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२३९. प्रदेश पहिचानका वस्तुहरुको वजार प्रवर्द्धन एवम् उत्पादन प्रोत्साहनको लागि आगामी आर्थिक वर्ष देखि नै संचालन हुने गरी प्रदेशका ९ वटै जिल्लाहरुमा जिल्ला उद्योग वाणिज्य संघहरुसँगको साझेदारीमा कोशेली घर निर्माण गरी संचालन गरिनेछ। यसको लागि रु ५० लाख विनियोजन गरेको छु।

२४०. प्रदेश सरकारबाट गरिएका काम कारवाहीतथा अभियानलाई सार्वजनिक गरी समग्र शासन व्यवस्था (Governance) माथि नागरिकको विश्वास (Trust and Confidence) वृद्धि गर्दै विधिको शासन सुदृढ बनाउने विषयलाई प्रमुख प्राथमिकता दिइनेछ।

**माननीय सभामुख महोदय,**

अब म **सार्वजनिक वित्त व्यवस्थापन** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२४१. राजस्व परिचालनमा आउन सक्ने संकुचन र सार्वजनिक खर्चमा पर्न सक्ने चापलाई व्यवस्थापन गर्न सार्वजनिक खर्चमा मितव्ययिताको नीति अंगिकार गरिनेछ। आगामी आर्थिक वर्षमा सवारी साधन, इन्धन, मर्मत लगायतका अन्य सार्वजनिक सेवाको खरिदमा मापदण्ड बनाई लागु गरिनेछ।

२४२. प्रदेश सरकार अन्तर्गतका बिभिन्न निकायहरूबाट प्रदान गरिने अनुदानलाई नतिजा एवम् उत्पादनसँग आवद्ध गर्दै अनुदानको प्रभावकारिता वृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानून तर्जुमा गरिनेछ।

२४३. प्रदेशमा वित्तीय पहुँच विस्तार गर्न संघीय सरकार र नियामक संस्थाहरूसँगको समन्वय र सहकार्यमा प्रदेशका आम नागरिकलाई आधुनिक वित्तीय प्रणालीसँग आवद्ध गर्दै लगिनेछ।

**माननीय सभामुख महोदय,**

अब म **आर्थिक योजना तथा तथ्यांक** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२४४. नेपाल सरकार तथा स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी प्रदेशको आर्थिक, सामाजिक लगायतका क्षेत्रको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्नका लागि सूचना व्यवस्थापन प्रणालीको स्थापना तथा विकास गरिनेछ।

२४५. प्रदेशमा रहेका बेरोजगार युवालाई सहुलियत दरमा कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने उद्देश्यले तर्जुमा भएको सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन कार्यान्वयन गर्न स्वरोजगार विकास कोष नियमावली प्रदेश सरकारबाट स्वीकृत भइसकेको छ। उक्त कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक कार्यविधिहरु जारि भई सकेको छ। आगामी आर्थिक वर्षदेखि स्वरोजगार विकास कोषको संस्थागत संरचना तयार भई सो कोष मार्फत यस

प्रदेशका बेरोजगार तथा कोभिड-१९ को संक्रमण लगायतका कारणबाट रोजगारी गुमाएका नागरिकहरुलाई समेत लक्षित गरी कार्यक्रम संचालन गरिनेछ। स्वरोजगार विकास कोषको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२४६. कोभिड-१९ महामारीको रोकथाम, उपचार र नियन्त्रण गरी आम प्रदेशवासीको जीवन रक्षा गर्न क्वारेन्टाइन, राहत, उपचार लगायतका सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाइ स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन आवश्यक स्रोत प्रदेश सरकारको निर्णयको आधारमा सम्बन्धित निकायलाई उपलब्ध गराउने गरी रु. ५० करोड अर्थ विविधको भैपरी आउने साधारण प्रशासन खर्चतर्फ विनियोजन गरेको छु। आगामी आर्थिक वर्ष मा केहि स्थानमा Holding Center निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२४७. सन्तुलित विकासको अवधारणालाई मूर्तरुप दिन प्रदेश सरकारबाट कार्यान्वयन गरिने विकासका क्रियाकलापहरूलाई भौगोलिक, आर्थिक, सामाजिक तथा मानवीय दृष्टिले पछाडि परेका क्षेत्र, वर्ग तथा समुदायको उत्थान हुने गरी अगाडि बढाइनेछ।

२४८. प्रदेशमा लगानी अभिवृद्धि तथा विस्तार गर्न लगानीमैत्री वातावरण सृजना गरिनेछ। प्रदेशमा स्थापना हुने प्रदेश सार्वजनिक संस्थानहरुमा प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने शेयर लगानी तथा ऋण लगानी वापत रु. ३० करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म **बजेटको कार्यान्वयन क्षमता सुधार** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२४९.बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन प्रदेशका खर्च इकाईसम्म सूचना प्रविधिको प्रयोग विस्तार गर्ने गरी कार्यक्रम संचालन गरिनेछ।

२५०. योजना छनौट र कार्यक्रम स्वीकृतिमा हुने ढिलाई अन्त्य गरी योजना र कार्यक्रमहरु आर्थिक वर्षको शुरुदेखिनै कार्यान्वयनमा जान सक्ने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट निकासा हुने व्यवस्था मिलाएको छु।

२५१. प्रादेशिक विकास योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिने नीतिगत समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रत्येक तीन-तीन महिनामा बैठक बस्ने गरी प्रादेशिक विकास समस्या समाधान समिति गठन गरिनेछ। बजेट कार्यान्वयनको क्रममा देखिने समस्या समाधान गर्न आर्थिक मामिलामन्त्रीको संयोजकत्वमा प्रत्येक दुई-दुई महिनामा बैठक बस्ने गरी बजेट कार्यान्वयन अनुगमन निर्देशन समिति गठन गरिनेछ। बजेट कार्यान्वयनमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतलाई समग्र रुपमा जिम्मेवार बनाइनेछ।

२५२. विषयगत मन्त्रालयमा विनियोजन भएको रकम खर्च गर्ने क्रममा थप आर्थिक दायित्व सृजना नहुने योजना तथा कार्यक्रमको सम्बन्धमा कार्यविधि, निर्देशिका वा मापदण्ड निर्माण गर्दा सम्बन्धित मन्त्रालयले प्रचलित कानूनको अधिनमा रही त्यस्तो कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागु गर्न सक्ने व्यवस्था मिलाएको छु।

२५३. एकल खाता कोष प्रणाली, खर्च लेखाङ्कन तथा व्यवस्थापनका लागि कम्प्युटरीकृत सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापनका

लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई नेपाल सरकारसँगको समन्वयमा सबल र व्यवस्थित बनाइनेछ।

२५४. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउँदै आन्तरिक लेखापरीक्षणलाई नतिजामुखी र गुणस्तरीय बनाउन केही ठूला परियोजनाहरुको प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत विस्तृत लेखापरीक्षण गर्ने कार्यको थालनी गरिनेछ।

२५५. प्रदेशका आठ वटा जिल्लाहरुमा आगामी आर्थिक वर्ष भित्रै प्रदेश लेखा इकाई कार्यालय स्थापना गरी संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु.

**माननीय सभामुख महोदय,**

म अब **राजस्व नीति र कर प्रणाली सुधार** सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२५६. कोभिड-१९ को संक्रमणको कारणले शिथिल भएको अर्थतन्त्रलाई पुनः गतिशील बनाई आर्थिक क्रियाकलाप बढाउने, प्रदेशमा उद्योग, व्यापार र लगानी बढाउन सहयोग पुग्ने गरी लगानीमैत्री वातावरणको निर्माण गर्ने, प्रदेशका नागरिकहरुलाई छुट र सहुलियत प्रदान गर्ने गरी निम्न बमोजिम राजस्व नीति र कर प्रणाली सुधार प्रस्ताव गरेको छु।

(क) प्रदेशको अधिकार क्षेत्र अन्तर्गत पर्ने कर तथा गैर-करका थप क्षेत्रहरु पहिचान र विस्तार गरी प्रदेशको आन्तरिक राजस्व परिचालनको दायरा फराकिलो बनाउँदै लैजाने नीति अवलम्बन गरिनेछ।

(ख) गैर-कर राजस्वका दरहरुलाई प्रदेशले प्रदान गर्ने सेवा सुविधासँग आबद्ध गरी समसामयिक, लागत प्रभावी र पारदर्शी बनाउने नीति अवलम्बन गरिनेछ।

(ग) प्रदेश सरकारले लगाउँदै आएको घर जग्गा रजिष्ट्रेसन शूल्क र सवारी साधन करका विद्यमान दरहरु यथावत राखेको छु।

(घ) प्रदेशको समग्र कृषि क्षेत्र र पर्यटन क्षेत्रलाई प्रोत्साहन गर्न आर्थिक वर्ष २०७८/७९ मा कृषि आयमा लाग्ने कर र पर्यटन शूल्क पूर्णरुपमा छुट हुने व्यवस्था मिलाएको छु।

(ङ) प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा साझा अधिकार सूचीमा रहेका राजस्वको परिचालन, लेखाङ्कन, बाँडफाँट र प्रतिवेदन गर्न क्षमता अभिवृद्धि सहितका कर प्रणाली सुधारका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको **विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी** योजना प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२५७. आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कुल रू. ३० अर्व ३३ करोड ९४ लाख ५५ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रू. १० अर्व ६६ करोड ९ लाख ३ हजार अर्थात् ३५.१ प्रतिशत, पूँजीगततर्फ रू १७ अर्व ६५ करोड ४० लाख ५२ हजार अर्थात् ५८.२ प्रतिशत र अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत रु. १ अर्व ७२ करोड ४५ लाख अर्थात् ५.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. ३० करोड अर्थात् १ प्रतिशत हुने गरी विनियोजनको व्यवस्था मिलाएको छु ।

२५८. आर्थिक वर्ष २०७८/७९ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व परिचालनबाट रु. १ अर्व ८ करोड ३ लाख २२ हजार, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रकम रु. ७ अर्व ९२ करोड ९१ लाख, संघीय रोयल्टी वाँडफाँट भै प्राप्त हुने रु. ३ करोड ९४ लाख ६३ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ८ अर्व ५४ करोड ४० लाख र चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम रु. ६ अर्व ६८ करोड ३० लाख ६१ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रु. ४ अर्व १९ करोड ३३ लाख, संघीय समपुरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. १ अर्व २२ करोड ९४ लाख, विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. ६१ करोड ३५ लाख र विकास साझेदारहरुबाट बजेट प्रणाली मार्फत परिचालन हुने सहायता रकम रु. २ करोड ४६ लाख १० हजार प्राप्त हुने अनुमान गरेको छु ।

